यशोधरा गाउँपालिकाको

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति




View Full Map

गाउँ कार्यपालिकाको मिति ...... को निर्णयबाट स्वीकृत

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु, लुम्बिनी प्रदेश

२०७९ बैशाख

# अध्यक्षको मन्तव्य

# विषय सूची

## Contents


परिच्छेद १ : पृष्ठभूमि तथा परिचय ........ 5

१.१ पृष्ठभूमि ........ 5

१.२. गाउँपालिकाको संक्षिप्त परिचय : ........ 7

१.३ लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका उद्देश्य, विधि तथा प्रक्रियाहरु ........ 7

१.४. संक्षिप्त नाम र परिभाषा : ........ 8

परिच्छेद २ : गाउँपालिकामा लैससासको अवस्था र सन्दर्भ विश्लेषण : ........ 13

२.१ यशोधरा गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण : ........ 13

२.२ लक्षित समुदाय नक्साङ्कन तथा प्राथमिकीकरण र सवाल पहिचान : ........ 15

२.३. लैससासका सरोकारवालाहरुको विश्लेषण ........ 17

२.४ लैससासको क्षेत्रमा यशोधरा गाउँपालिको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण ........ 22

२.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु ........ 24

२.६ यशोधरा गाउँपालिकाको लैससास मूलप्रवाहीकरण रणनीतिका लक्षित कार्यक्षेत्रहरु ........ 27

परिच्छेद ३. गाउँपालिकाको लैससास मूलप्रबाहिकरण रणनीतिको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र मुल्यमान्यता ........ 28

३.१. लैससास मूलप्रवाहिकरण रणनीतिको दीर्घकालीन सोच : ........ 28

३.२ लक्ष्यः ........ 28

३.३ रणनीतिक उद्देश्यहरु ........ 28

३.४ लैससास रणनीतिको औचित्यता : ........ 28

३.५ लैससास मूलप्रबाहिकरण रणनीतिको मुल्य मान्यता : ........ 29

परिच्छेद ४ प्रमुख रणनीति तथा कार्यनीतिहरु ........ 30

४.१. रणनीति ........ 30

४.२. कार्यनीति ........ 31

४.३. लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनका लागि कार्य योजना ........ 37

परिच्छेद ५ : लैससासको लागि संस्थागत व्यवस्था ........ 44
५.१ सामाजिक विकास महाशाखा/शाखा र यसको काम तथा कर्तव्य : ........ 44
५.२ विभिन्न समितिहरूको गठन ........ 45
५.३ गुनासो व्यवस्थापन : ........ 48
५.४ स्रोत परिचालन योजना ........ 49
५.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति अनुगमन तथा मूल्याँकन ........ 50
५.६ सम्भावित जोखिम तथा न्यूनिकरण ........ 50
अनुसूची १ : लैससास रणनीति तर्जुमा कार्यशाला तथा छलफलहरुको उपस्थिति विवरण ........ 52
अनुसूची २ : लैससास रणनीति तर्जुमा कार्यदलको विवरण ........ 56
अनुसूची ३ : लैससास सम्बन्धी विभिन्न सेवा प्रदायकहरुको विवरण ........ 57
अनुसुची ४ : अध्ययन तथा बिश्लेषण गरिएका दस्तावेजहरुको सुची ........ 58

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति

## परिच्छेद १ : पृष्ठभूमि तथा परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, भाषा तथा संस्कृतिको हक, महिला, वालवालिका, दलित आदीको हक, सामाजिक न्यायको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिक हकहरु संविधानमा व्यवस्था गरिएको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

संविधानमा महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हक अन्तरगत सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता तथा

समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उपलक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीविको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडी नछुटुन (Leave no one behind) भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यहरुले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुटुन भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारीमार्फत संभव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण (Cross cutting issue) गरिएको छ ।

पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/७७-२०८/८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ड) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ ।

संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ ।

लैससासका मुद्दाहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् नेपालको संविधानको धारा २१४ र २२१ को उपधारा (१) को अधिकार तथा स्थानीय सरकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्थानीय तहमा लैंगिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गर्न यशोधरा गाउँपालिकाको यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तर्जुमा गरिएको छ ।

## १.२. गाउँपालिकाको संक्षिप्त परिचय :

यशोधरा गाउँपालिका नेपालको लुम्बिनी अन्तरगत कपिलवस्तु जिल्लामा रहेको छ । यशोधरा गाउँपालिकाको स्थापना २०७३/११/२२ गतेका साविकका तितिर्खी, गौरी, वसन्तपुर, परसोहिया, बैदौली, रंगपुर, सोमडिह र सिहोखोर गा.वि.सा गरि ८ वटा गा.वि.स समावेश गरी भएको हो । यस गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । यस गाउँपालिकाको पूर्वमा मायादेवी गाउँपालिका, उत्तरमा कपिलवस्तु नगरपालिका, पश्चिममा महराजगंज नगरपालिका र दक्षिणमा मित्र राष्ट्र भारतको उत्तर प्रदेश राज्य पर्दछ ।

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास् गर्दछन । यहाँ अधिकांश हिन्दू धर्म मान्ने तराई ब्रहमण, यादव, गुप्ता, कलवार, श्रीवास्तव, चाइ, कोहार, कहार, चमार, तेली, पासी, लोध, लोनिया, चौधरी, ठाकुर, नाउ, बढई, माली, धरिकार आदि मानिसहरु रहेक्भनेछन मुस्लिम धर्म मान्ने मानिसहरु पनि छन । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन ।

घरधुरी सर्वेक्षण, २०७६ बाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गर्दा कुल जनसंख्याको ५२.१८ प्रतिशत (२३४०७) जनसंख्या पुरुषको रहेको छ भने ४७.८२ प्रतिशत (२१४४९) जनसंख्या महिलाको रहेको छ ।

## १.३ लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका उद्देश्य, विधि तथा प्रक्रियाहरु

### १.३.१ उद्देश्य

लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी स्थानीय सरकारले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छन:

(क) लैंगिक समानता तथा समाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समुहहरु, अपांगता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक, सिमान्तकृत समुदायलाई समाबेश गरी, लैगिक समानता र सबै जातजाति तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला र बञ्चितिकरणमा परेका समुदायहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

(ग) गाउँपालिकाभित्रका विशेष गरी बालबालिका, जेष्ठ नागरिक, असक्त तथा अपाङ्गता आदीको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने ।

(घ) स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

(ङ) लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, गैरसरकारी निकाय र स्थानीय सरकार आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

### १.३.२ विधि तथा प्रक्रिया

यशोधरा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तर्जुमा गर्दा गाउँपालिकामाम लैससासको दृष्टिकोणले समामवेशी कार्यदल बनाई कार्यको शुरुवात गरिएको थियो । लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमा गर्दा निम्न विधिहरु अपनाईएको थियो ।

स्थानिय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तर्जुमा गर्दा यशोधरा गाउँपालिकामा लैससासको दृष्टिकोणले समावेशी कार्यदल बनाई कार्यको शुरुवात गरिएको थियो । लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमा गर्दा निम्न विधिहरु अपनाईएको थियो ।

क. दस्तावेज समिक्षा : लैससास कार्यदल सहित परामर्शदाताहरुको टोलीले स्थानीय तहको दस्तावेजहरू (ऐन, कानून, नीति, कार्यविधि, बार्षिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, पार्श्वचित्र, विभिन्न समयमा भएका निर्णयहरू, लैससास बजेट परीक्षण प्रतिवेदन आदिको लैससासको दृष्टिकोणबाट विस्लेषण र पुनरावलोकन गरियो ।

ख. कार्यशाला गोष्ठी आयोजना : यशोधरा गाउँपालिकामा मिति २०७८ चैत २ र ३ गते लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमा गोष्ठी सञ्चालन गरी लैससासको अवधारणा, नीति/रणनीतिको आवश्यकता, यसको महत्व, उद्देश्य एवं आगामी रणनीतिको खाकाका विषयमा प्रस्तुतिकरण र छलफल आयोजना गरियो ।

ग. लक्षित समुदाय छलफल (Focus Group Discussion) : कार्यशाला गोष्ठी पश्चात रणनीति तर्जुमाका सरोकारवालाहरुमध्ये - जितनारायण यादव, अपाङ्ग समुदाय, सुमिता मुराऊ, किशोरी अधिकार मञ्च, शारथा कुर्मी, गरिवी निवारण महिला समूह लगायत अन्य सहभागीहरुसँग गाउँपालिकाले लैससासको क्षेत्रमा विगतमा गरेका अभ्यास, वर्तमान अवस्था र आगामी दिनमा चाल्नु पर्ने कदमका बारेमा छलफल एवं अन्तरक्रिया गरिएको थियो ।

घ. सवल, सुधारात्मक, अवसर र चुनौती विश्लेषण (SWOT analysis) : परामर्शदाताको टोलीले सहभागितात्मक विधिका आधारमा कार्यशालाकै अवधिमा लैससासका लागि विगतमा भए गरेका गतिविधिहरु र अनुभवको आधारमा स्थानीय तहको लैससास सम्वन्धी सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती पहिचान गरिएको थियो ।

ङ. मुख्य सुचना दातासँग अन्तरवार्ता (Key Informant Interview) लैससास मूलप्रवाहीकण रणनीति तर्जुमासँग सम्वन्धित सुचना संकलन र लैससास प्रकृयामार्फत आएका नतिजाहरुको वारेमा पुष्ट्याई तथा थप जानकारी लिनका लागि स्थानीय तहका मुख्य सरोकारवालाहरुमध्ये - कन्यावती उपाध्याय, उपाध्यक्ष, ईलावती कोरी, महिला सदस्य, राहुल पाठक, बालमैत्री संयोजक, कृष्णनाथ पाण्डेय, सामाजिक विकास अधिकृत लगायतस अन्तरवार्ता तथा छलफल गरिएको थियो ।

च. रणनीति मस्यौदा तयारी : विद्यमान ऐन कानूनको समीक्षा, कार्यशाला गोष्ठीको आयोजना, समूहगत छलफल, मुख्य सूचनादातासँगको अन्तरवार्ताका आधारमा रणनीतिको मस्यौदा तयारी गरिएको थियो ।

छ. मस्यौदा उपर छलफल र राय सुझाव : रणनीतिको मस्यौदा तयार भए पश्चात सम्बन्धित पालिकमा गई पुनः सरोकारवालाहरु समक्ष मस्योदा प्रस्तुत एवं छलफल र राय सुझाव लिने कार्य गरिएको थियो ।

ज. अन्तिम मस्यौदा पेश : रणनीतिको मस्यौदा उपल प्राप्त राय सुझावका आधारमा अन्तिम मस्यौदा तयार गरी सम्बन्धित पालिकाहरुमा पेश गरिएको थियो ।

## १.४. संक्षिप्त नाम र परिभाषा :

**१.४.१. संक्षिप्त नाम :** यस रणनीतिको नाम "यशोधरा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रवाहीकरण रणनीति २०७८" रहनेछ । यो रणनीति गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**१.४.२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस रणनीतिमा :

क) **"रणनीति"** भन्नाले : **"यशोधरा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रकाहिकरण रणनीति २०७८"** लाई सम्झनु पर्दछ ।

ख) **"गाउँपालिका"** भन्नाले : यशोधरा गाउँपालिका सम्झनु पर्दछ ।

**ग) "लैससास"** भन्नाले : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ ।

**घ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला, पुरुष वा लैंगिक तथा यौनिक अल्पसंख्यक र बिभिन्न सामाजिक समूहहरु बिचको असमान सक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिँचान भएका ब्यक्तिहरुका लागि समान अधिकार, अवसर एबं सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ ।

**ङ) "लैंङ्गिक मूलप्रवाहीकरण"** भन्नाले गाउँपालिकाको बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरणलाई जनाउछ ।

**च) "लैङ्गिक समानता" भन्नाले समाज तथा राज्यको** सबै अंग र तह र क्षेत्रमा महिला, पुरुष वा लैंगिक तथा यौनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ ।

**छ) "लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक ब्यक्तिलाई समानतामा पुऱ्याउन अवलम्बन गरिने सकारात्मक बिभेद वा बिशेष प्रयासलाई सम्झनु पर्दछ ।

**ज) "सामाजिक समाबेशीकारण"** भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नुलाई सम्झनु पर्दछ ।

झ) **"सामाजिक बञ्चितिकरण"** भन्नाले लैङ्गिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

ञ) **"बञ्चित समूह"** भन्नाले लामो समय देखि आर्थिक, सामाजिक, भौगोलिक र शारिरीक अवस्थाका कारणले पछाडी पारिएका महिला, दलित, जनाजाती, मधेसी, मुस्लिम, अल्पसंख्यक, जेष्ठ नागरीक, बालबालिका, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने ब्यक्ति वा समुदाय सम्झनु पर्दछ ।

ट) **"लैङ्गिक संबेदनशिल"** भन्नाले सेवा प्रबाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र लैंगिक तथा यौनिक अल्पसंख्यकका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित बिकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ ।

ठ) **"लैङ्गिकता"** भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरुलाई दिइने कामको भूमिका, उनीहरु प्रति गर्ने सामाजिक ब्यबहार र उनीहरुलाई हेर्न दृष्टिकोण लाई जनाउछ । जसले गर्दा अवसर र वञ्चितिकरणको अवस्था सिर्जना गर्दछ ।

ड) **"लैङ्गिकमैत्री"** भन्नाले समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यकका बिशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण ब्यबहारलाई सम्झनु पर्दछ ।

ढ) **"CEDAW"** भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ (Convention on the Elimination of All Forms of Discrimination Against Women) लाई जनाउछ ।

ण) **"CRC"** भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन १९८९ लाई जनाउछ ।

त) **"BPFA"** भन्नाले बेइजिङ कार्ययोजना (Beijiing Platform of Action) सन १९९५ लाई जनाउछ ।

थ) **"सीमान्तकृत समुदाय"** भन्नाले आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक बिकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा, सुबिधाको अवसरबाट बञ्चित र बिभेदमा परेका साथै संघिय कानुन बमोजिम मानव बिकाको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

द) **"लैङ्गिक उत्तरदायि बजेट"** भन्नाले लैंगिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्झनु पर्दछ ।

ध) **"लैङ्गिक प्रभाव बिश्लेषण"** भन्नाले स्थानीय नीति, योजना तथा कार्यक्रमबाट सबै वर्ग, जाताजती, क्षेत्रका महिला, पुरुषले प्राप्त गरेको लाभ वा अवस्थाको लेखाजोखालाई सम्झनु पर्दछ ।

न) **"खण्डिकृत तथ्याङ्क"** भन्नाले सबै जाताजती, लिंग, बर्ग, क्षेत्रका महिला, पुरुष तथा यौनिक एवं लैंगिक अल्पसंख्यक, सिमान्तकृत समुदाय, शारिरिक अवस्था आदि समूहहरुको तहगत तथ्यांकलाई सम्झनु पर्दछ ।

# परिच्छेद २ : गाउँपालिकामा लैससासको अवस्था र सन्दर्भ विश्लेषण :

## २.१ यशोधरा गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण :

### २.१.१. राजनैतिक अवस्था

कपिलवस्तु जिल्लाका पालिकाहरुमध्ये यशोधरा गाउँपालिका भारतसँग पनि सिमाना जोडिएको गाउँपालिका हो । यस गाउँपालिकालाई ८ वटा वडाहरुमा विभाजन गरिएको छ । यस गाउँपालिकाको राजनैतिक अवस्था अध्ययन तथा बिशलेषण गर्दा अधिकांश नागरिकहरु राजनैतिक रुपमा सचेत भएता पनि स्थानीय सरकार लगायत तीनै तहको संरचना र राज्यका हरेक निकायको नेतृत्व तहमा महिला, दलित लगायत पछाडी परेको समुदायको सहभागिता अपेक्षाकृत बृद्धि हुन सकेको पाइदैन । महिला, दलित लगायत बञ्चित समुदायलाई राजनैतिक चेतनास्तर बढाउन स्थानीय राजनैतिक दल लगायत गाउँपालिकाबाट जनचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन हुन जरुरी छ । कानुनले अनिवार्य गरेकोमा बाहेक अन्य क्षेत्रमा महिला लगायत पछाडी परेका वा पारिएका बर्गको सहभागिता बृद्धि भएको देखिएन । यस गाउँपालिकाको गाउँ सभामा प्रतिनिधित्वको अवस्था हेर्ने हो भने जम्मा ४२ जनामा १९ जना महिला (४५ प्रतिशत) रहेका छन्, जसलाई लैससासको दृष्टिकोणले राम्रो मानिन्छ । निर्णय गर्ने भूमिका रहेको कार्यपालिकामा एक जना उपाध्यक्ष सहित ६ जना महिला सदस्य रहेका छन् । गाउँसभाको प्रतिनिधित्व हेर्दा समावेशी प्रतिनिधित्व छ ।  समग्रमा महिला, दलित जनजाती संख्या बिश्लेषण गर्दा राजनैतिक भूमिकामा सकारात्मक प्रतिनिधित्व भएपनि निर्णायक भूमिकामा न्यून उपस्थिति छ । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला र समाबेशी सहभागिताको कानुनी प्राबधानले समाबेशी सहभागिता सुनिश्चित गरेपनि अर्थपुर्ण सहभागिताका लागि राजनैतिक दल लगायत स्थानीय सरकारबाट बिशेषगरी लक्षित बर्ग समुदायको क्षमता बिकास र आर्थिक शसक्तिकरणको क्षेत्रमा योजना तथा कार्यक्रम बिस्तार गर्नुपर्ने देखिन्छ ।

### २.१.२. सामाजिक अवस्था बिश्लेषण :

यशोधरा गाउँपालिकामा बिभिन्न जातजाती, वर्ग, लिंग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । जातजातिका आधारमा यस गाउँपालिकामा सबैभन्दा बढी तराई ब्रहमण र यसपछि क्रमशः यादव, गुप्ता, कलवार, श्रीवास्तव, चाइ, कोहार, कहार, चमार, तेली, पासी, लोध, लोनिया, चौधरी, ठाकुर, नाउ, बढई, माली, धरिकार लगायतका जात जातिहरुको बसोबास रहेको छ । यिनीहरुको जातजाति तथा धर्मका आधारमा भाषा, भेषभुषा, रहन सहन र संस्कृति फरक फरक रहेको पाइन्छ । समाजमा बिद्यमान पित्रृसतात्मक सोच र व्यवहारबाट यशोधरा गाउँपालिका पनि अछुत रहन सकेको छैन । लैङ्गिक विभेद, दाइजो प्रथा, बोक्सी तथा धामीझाक्री प्रथा, बाल बिबाह,  जातिय बिभेद, घरेलु हिंसा र लैंगिक हिंसा जस्ता सामाजिक कुप्रथा र गलत सामाजिक अभ्यासहरु अझै कायमै रहेको छ । पुरुषलाई महत्व दिने परिवार तथा समाजले महिलाकोसमान अस्तित्वलाई स्विकार गर्न नसकेका कारण निर्णायक भूमिकामा महिला सहभागिता र अवरमा तथा सुचनामा पहुँच न्यून छ । पुरुषलाई महत्व दिने समाजमा

लैंगिक रुपले  समान अवसर र समान पहुँच हुन सकिरहेको छैन । ग्रामीण भेगका विपन्न महिलाहरुले कानुनी रुपमा प्रदान गरिएको प्रजनन् तथा सुरक्षित मातृत्वको अधिकार समेत निर्बाध रुपमा उपयोग गर्न सकिरहेको पाइदैन ।

**२.१.३. आर्थिक अवस्था :**

यस गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, मत्स्यपालन, उद्योग, ग्याँस, पानी, निर्माण, थोक तथा खुद्रा बजार, सा साना होटल, वैदेशिक रोजगार जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुदाँ गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । गाउँपालिकाका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण गाउँपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै नगरपालिका/ गाउँपालिकाहरूमा पहुँच सहज बनाएको छ । जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न कानून, ऐन, नीति, नियम कार्यान्वयनमा रहनु लगायत विभिन्न अवसरहरू गाउँपालिकाको विकासका लागि रहेका छन् । मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु ् हुन । यस गाउँपालिकाका मानिसहरु क्रमश साना तथा ठूला उद्योगहरुको विकास तर्फ लागिरहेको देखिन्छ । यस गाउापालिकाको अर्को मुख्य आर्थिक आधारहरु व्यापार, नोकरी र वैदेशिक रोजगार रहेको देखिन्छ ।

यसका बावजुद पनि यस गाउँपालिकाको अर्थिक स्रोतको रुपमा मुख्य पेशा कृषि र पशुपालन  रहेको देखिन्छ । यस गाउँपालिका क्षेत्रभित्र धान गुहुँ मकै मुख्य बालीका रुपमा रहेका छन् ।  धेरै जग्गाजमीन हुने र ठूलो परिमाणमा यसको खती गर्ने किसानहरुले वर्षेनी यी उपजहरु बेचेर आफ्नो जीविका चलाउँदै आएका छन् भने थोरै र कम परिमाणमा खेती गर्नेहरुले आफूलाई वर्षभरी खाने अन्नको  जोहो गर्छन । तरकारी खेतीमा पनि यो गाउँपालिका अब्बल नै मानिन्छ । मौसम अनुसारका तरकारीहरु भिण्डी, भण्टा, करेला, काउली, लौका, काँक्रा, बोडी लगायतका तरकारीको उत्पादन यहाँ हुन्छ । यहाँ व्यवसायिक तरकारी खेती पनि गरिन्छ । यहाँ उत्पादित तरकारी आफ्नै बजार क्षेत्रका अलावा तौलिहवा, भैरहवा,   बुटवलसम्म लगेर बेच्ने गरेको पाइन्छ । कृषि, पशुपालन र तरकारी खेती हुने भएकाले यस गाउँपालिकाभित्र रोजगारीको पनि श्रृजना भएको छ । अधिकांश विपन्न मानिसहरु यहीँ ज्याला  मजदुरी गर्छन भने केही जिल्लाका अन्य बजार क्षेत्र र भारत सम्म पनि रोजगारीका लागि जाने गरेका  छन् । यसका साथै बैदेशिक रोजगारमा जानेको संख्या पनि उल्लेखख छ, जसको आम्दानीबाट बजार क्षेत्रमा घर घडेरी जोडने गरेको पाइएको  छ । समग्रमा यस गाउँपालिकाको आर्थिक अवस्थालाई सामान्य मान्य सकिन्छ ।

## २.२ लक्षित समुदाय नक्साङ्कन तथा प्राथमिकीकरण र सवाल पहिचान :

यशोधरा गाउँपालिकामा महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायत पछाडी पारिएका अन्य बर्ग समुदायहरुलाई लक्षित समुदाय मानी गाउँपालिकाले लक्षित समूहको उत्थान र विकासमा बार्षिक योजना तथा बजेट बिनियोजन गर्ने गरेको छ । गाउँपालिकाले समुदाय तहमा सर्बेक्षण गरी लक्षित समूहको खण्डिकृत तथ्यांक तयार गरेको अभिलेख नभए पनि घरधूरी सर्वेक्षण प्रतिवेदनका आधारमा लक्षित समुदायको पहिचान गरिएको छ । यस गाउँपालिकाका लक्षित समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

### २.२.१ यशोधरा गाउँपालिकाका लक्षित समूह प्राथमिकिकरणः

यस गाउँपालिकाको जनसङ्ख्याको आँकडा हेर्दा धर्मका हिसाबले यस गाउँपालिकामा हिन्दु धर्मालम्वीको जनसंख्या सबैभन्दा धेरै र त्यसपछि क्रमशः ईस्लाम, ईसाई आदी धर्मावलम्बीहरु रहेका छन् । यसै गरी जात जातिका हिसाबले यस गाउँपालिकामा तराई ब्रहमण र यसपछि क्रमशः यादव, गुप्ता, कलवार, श्रीवास्तव, चाइ, कोहार, कहार, चमार, तेली, पासी, लोध, लोनिया, चौधरी, ठाकुर, नाउ, बढई, माली, धरिकार अन्य गरी २४ भन्दा बढी जात जातिका मानिसहरुको बसोबास रहेको छ । यिनीहरु मध्ये कतिपय जातजातिहरु अति विपन्न समुदायका पनि छन् जसले राज्यबाट पाउनु पर्ने सुविधा समेत पाउन नसकेको अवस्था छ । यस गाउँपालिकाका लक्षित समूह प्राथमिकीकरण निम्न अनुसार गरिएको छ :

१. विपन्न महिला/एकल महिला

उपरोक्त अनुसारको जनसंख्या सम्बन्धी विवरण अनुसार यस गाउँपालिकामा आदिवासी, जनजाति, दलित समुदायका मानिसहरुको बसोबास उल्लेख्य रुपमा रहेका देखिन्छन् । आर्थिक सामााजिक हिसाबले पनि यी वर्गहरु बञ्चितिकरणमा परेको विभिन्न अध्ययनले देखाएको छ । जसमा पनि महिलाहरु विशेष बञ्चितीकरणमा परेको देखिन्छ । आफ्नो जग्गा जमीन नहुनु, दैनिक गुजारा चलाउनका लागि मजदुरीमै निर्भर रहनु, राज्यबाट पाउने सेवा सुविधाबाट समेत बञ्चित हुनु र परिवारबाट (श्रीमान् समेताट) अपहेलित हुनु उनीहरुको बाध्यता रहेको छ । यसकारण हामीले यशोधरा गाउँपालिकाका बञ्चितीकरणमा परेका लक्षित समुदायका महिलाहरुको कुरा गर्दा निम्न अनुसारका जात जातिका महिलाहरु बञ्चितीकरणमा परेका देखिन्छन । गाउँपालिकाको बजार क्षेत्रमा दलित आदिवासी, जनजाति महिलाहरुको बाहुल्यता कम देखिएता पनि ग्रामीण क्षेत्रमा यिनीहरुको बाहुल्यता बढी छ ।

२. दलित, आदिवासी/जनजाति, लोपुन्मुख समुदाय

यस गाउँपालिको जनसंख्या विवरण अनुसार २५ भन्दा बढी जात जातिहरुको बसोबास रहेकामा त्यसको झण्डै ७०% आदिवासी जनजाति, दलितको बाहुल्यता रहेको देखिन्छ । यिनीहरुमा कलवार, चाइ, कोहार, कहार, चमार, तेली, पासी, लोध, लोनिया, चौधरी, ठाकुर, नाउ, बढई, माली, धरिकार आदी रहेका छन् । यी मध्ये पनि राज्यबाट पाउने सेवा सुविधा लगायत आर्थिक, सामाजिक हिसाबले अति विपन्न

वर्गलाई लक्षित वर्गको प्राथमिकतामा राखिएको छ । गाउँपालिकाका ग्रामीण ईलाकामा यिनीहरुको बाहुल्यता रहेको छ ।

३. बालबालिकाका

गाउँपालिकाको घरधूरी सर्वेक्षण प्रतिवेदन २०७६ मा उल्लेख भए अनुसार यस गाउँपालिकाभित्र १ देखि १४ वर्षसम्मका बालबालिकाहरुको संख्या १९१५५ रहेको छ । यि मध्ये करीव आधा बालबालिका विपन्न समुदायका छन भन्ने अनुमान गर्दा यिनीहरुले उच्च शिक्षा देखि लिएर पोषणयुक्त खानेकुरा खान नपाउने सम्मको अवस्था देखिन्छ । यी मध्ये पनि अति विपन्न समुदायका बाबलबाबलिका आधारभूत शिक्षाबाट बञ्चित हुनुका साथै विचमै विद्यालय छोडन पनि बिवस छन् । यस क्षेत्रका ग्रामिण ईलाकातिर बालविवाहको प्रचलन अझै सम्म रहेको पाइन्छ ।

४. ज्येष्ठ नागरिक

यशोधरा गाउँपालिकाको घरधुरी सर्वेक्षणको नतिजा अनुसार यस गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका ३.६२ प्रतिशत (१५९५ जना) बृद्धाबृद्धाहरू रहेका छन् । शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ । बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँ पुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै लगेको छ । राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन् । यिनीहरुमध्ये विपन्न समुदायका जेष्ठ नागरिकहरु परिवारबाटै अपहेलित हुनुका साथै राज्यबाट प्रदान गरिने सेवा सुविधाबाट समेत बञ्चित भएको अवस्था छ ।

५. अपांगता भएका ब्यक्ति

गाउँपालिकाको घरधूरी सर्वेक्षण प्रतिवेदन २०७६ मा उल्लेख भए अनुसार दृष्टिविहीन १९ जना, बोल्न तथा सुन्न नसक्ने २६ जना, बौद्धिक अपाङ्गता ३४ जना र शारिरिक अपाङ्गता ११३ गरी जम्मा १९२ जना अपाङ्गता भएका व्यक्तिहरु रहेका देखिन्छन् । यी मध्ये अपाङ्गगता भएका अधिकांश व्यक्तिहरुले आवश्यक सीप र स्रोतको अभावमा क्षमता अनुसारको रोजगारबाट समेत बञ्चित भई पारिवारमै आश्रित भएका छन् । यसो त गाउँपालिका अपाङ्ग भएका व्यक्तिहरुको संघ संस्था मार्फत आफ्ना हक अधिाकारका बारेमा आवाज उठाउँदै आएको अवस्था छ ।

६.लैंङ्गिक तथा यौनिक अल्पसंख्यक :

यस गाउँपालिका क्षेत्रभित्र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु समाजबाट बहिस्कृत हुने पिडाले समाजमा घुलमिल हुन नसकेको अनुमान गर्न सकिन्छ र गाउँपालिको तर्फबाट पनि यिनीहरुको आर्थिक र सामाजिक उत्थानका लागि हालसम्म कुनै कार्यक्रम नगरिएको अवस्था छ ।

## २.३. लैससासका सरोकारवालाहरुको विश्लेषण

### २.३.१ सरोकारवालाहरुको  विष्लेषण

यशोधरा गाउँपालिकामा लैंगिक समानता र सामाजिक समाबेशीकरणको क्षेत्रमा क्रियशिल सरोकारवाला निकायहरुको विश्लेषण गर्दा पहिलो त गाउँपालिकामा रहेको  संस्थागत संरचनालाई नै लिन सकिन्छ । न्यायिक समिति, सामाजिक विकास शाखा, महिला तथा बालिका शाखा, व्यक्तिगत घटना दर्ता दर्ता सामाजिक सुरक्षा शाखा, विभिन्न समिति, उपसमितिहरुलाई सरोकारवाला निकायको रुपमा हेरिएको छ । यी निकायहरुबाट कानूनले तोके बमोजिमको सेवा  प्रवाह भई रहेको अवस्था देखिनछ । न्यायिक समितिमा सर्वसाधारणको सहज पहुँच तथा न्याय निरुपणमा समितिको  अग्रसरता रहेको देखिन्छ भने विषयगत समितिहरु, राजस्व परामर्श समिति, अनुगमन समितिमा तोकिए बमोजिमको महिला सदस्यको प्रतिनिधित्व भएको देखिन्छ । शाखाहरुबाट पनि तोकिए बमोजिमको सेवाहरु उपलब्ध भै रहेको अवस्था छ ।

यस देखि बाहेक बाह्य सरोकारवालाहरुको सम्बन्धमा विश्लेषण गर्दा जिल्लास्थित  सरोकारवालाहरुमा जिल्ला प्रहरी कार्यालय (महिला सेल), लक्षित वर्गका विभिन्न संघ तथा सञ्जालहरु जस्तै : महिला, अपाङ्ग, दलित, बालबालिका सञ्जालहरु, जिल्ला अदालत, जिल्ला सरकारी वकीलको कार्यालय, उपभोक्ता समिति, टोल विकास संस्था, उद्योग वाणिज्य संघ, वित्तीय संस्था, विभिन्न अधिकारवादी संघ संस्था, गैर सरकारी संस्था, सञ्चार माध्यम आदीलाई दिन सकिन्छ । यस देखि बाहेक संघ तथा  प्रदेशस्तरीय लैससास सम्बन्धी मन्त्रालय र विभागलाई लिन सकिनछ । यि बाह्य सरोकारवालाहरुबाट पनि आवश्यक सेवाहरु उपलब्ध भै रहेको अवस्था छ । न्यायिक समितिको क्षेत्राधिकारभन्दा बाहिरको झै झगडा वा उजुरी जिल्ला प्रहरी कार्यालयबाट भएको अवस्था छ । लक्षित वर्गका विभिन्न संघ संस्थाहरुले उनीहरुको हक हीतका लागि विभिन्न पैरवी अभियान चलाएको  पाइन्छ । निजी क्षेत्र तथा वित्तीय क्षेत्रहरुबाट पनि  विपन्न वर्गका क्षेत्रमा  विभिन्न कार्यहरु गरेको पाइन्छ, जसमा सहुलियतपूर्ण कर्जा, विऊ विजनको उपलब्ता आदी, व्यापार व्यवसायका लागि उधारोमा सामान उपलब्ध गराई पछि असुल गर्ने कार्यहरुलाई लिन सकिन्छ । यसैगरी विभिन्न अधिकारवादी संघ संस्था तथा गैससहरुले लैससासका क्षेत्रमा उल्लेख्य काम गरेको पाइन्छ । ती वर्गका हक हितका लागि आवाज उठाउने देखि लिएर क्षमता विकास तथा सीप विकासका क्रियाकलापहरु गैसस तथा अधिकारवादी सघ संस्थाहरुबाट हुँदै आएको छ ।

**यशोधरा गाउँपालिकामा लैससास सम्बन्धी कार्यमा सक्रिय गैसस तथा सञ्जालहरु :**

| संस्थाको नाम | कार्य क्षेत्र | उद्देश्य | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| अपाङ्ग समुदाय | सबै वडा | अपाङ्गता भएका व्यक्तिहरुको हक हीतका लागि बहस पैरवी, सीपमूलक तालिम, क्षमता विकास तालिम संचालन, सामग्री वितरण | जितनारायण यादव | |

| | | | | |
|---|---|---|---|---|
| गरिवी निवारण महिला समूह | सबै वडा | विपन्न महिलाहरुको हक हीतका लागि बहस पैरवी, बचत संकलन, ऋण प्रवाह, क्षमता विकास | शारथा कुर्मी | |
| किशोरी अधिकार मञ्च | सबै वडा | बाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा विरुद्ध अभियान, बचत तथा ऋण परिचालन, सामूहिक खेती | सुमिता मुराउ | |
| यशोधरा घरेलु तथा साना उद्योग संघ | सबै वडा | विपन्न वर्गको व्यवसायिक योजना तर्जुमा, सहुलियतपूर्ण कर्जाका लागि सहजीकरण | | |

## २.३.२ लैससास क्षेत्रमा सरोकारवालाहरुको भूमिका तथा सम्बन्ध बिस्तारको अवस्था :

यशोधरा गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तह देखि केन्द्र तहसम्मका सम्बन्धित सरोकारवालाहरुको प्राथमिकिकरण गरी उनीहरुसंग निरन्तर समन्वय र सहकार्यका लागि कार्यगत योजना बनाई लागु गर्नेछ । गाउँपालिका अन्तर्गतका सबै समिति, उपसमिति, बिषयगत शाखा, वडा कार्यालय साथै यस क्षैत्रका सबै सार्बजनिक निकाय, नीजि तथा गैरसरकारी संघसंस्था एवं संघ, प्रदेश र जिल्ला तहका सम्बनिधत निकाय तथा गैरसरकारी संघसंस्थाहरुसंगको निकटतम समन्वय र सहकार्य गरी स्थानीय जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकास र लक्षित समूहको विकासमा मूलप्रबाहिकरण तथा पहुँच सुनिश्चत गर्नु पर्नेछ, जसका लागि निम्न अनुसार समन्वय र सहकार्य गरिनेछ :

- गाउँपालिकाको कार्यक्रम तथा बजेट तर्जुमा गर्दाका अवस्थामा नै लैससासका सरोकारवालाहरुको आगामी वर्षको कार्यक्रम तथा बजेट गाउँ सभामा पेश गरी पारित गर्ने,
- गाउँपालिका र अन्य सरोकारवालाबीच लैससासका मुद्दाका बारेमा नियमित छलफल भई आ आफ्नो क्षेत्रबाट गर्नुपर्ने भूमिकाका बारेमा स्पष्ट भई दोहोरापना नपर्ने गरी तोकिएको कार्य अगाडी बढाउने,
- संचालित कार्यक्रमहरुको कार्यान्वयनको अवस्था अनुगमन गर्न गाउँपालिका र सरोकारवालाहरुले संयुक्त रुपमा अनुगमन गर्ने,
- संचालित कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाबारे संयुक्त रुपमा समिक्षा गरी देखिएका कमी कमजोरीहरुलाई सुधार्दै जाने ।

यसदेखि बाहेक सरोकारवालाहरुको विस्तृत भूमिका तथा जिम्मेवारी निम्न अनुसार उल्लेख गरिएको छ :

| सरोकारवाला | भूमिका तथा जिम्मेवारी |
|---|---|
| **(१) गाउँपालिका अन्तर्गतका समिति, उपसमिति तथा विषयगत शाखाहरु** | • लक्षित वर्गको खण्डिकृत तथ्याँक संकलन तथा विश्लेषण गरी उक्त तथ्याँकका आधारमा वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा,<br>• गाउँपालिका अन्तर्गत गठन हुने समिति उपसमितिहरुमा कानूनले निर्दिष्ट गरे बमोजिम लक्षित वर्गको सुनिश्चिता,<br>• योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा तत् तत् वर्गको सहभागिताको सुनिश्चितता,<br>• राज्यले प्रदान गर्ने सेवा सुविधा तथा लक्षित वर्गको सहभागिताको सुनिश्चिताको विषयमा जनचेतना अभियान संचालन,<br>• गाउँपालिकाको संरचना तथा सेवा प्रवाहमा लक्षित वर्ग समेतको सहभागिता गराई उनीहरुलाई मूलप्रवाहीकणमा ल्याउने, |
| **(२) महिला, अपाङ्ग, दलित लगायतका लक्षित वर्गहरुको समूह, बालबालिका सञ्जालहरु,** | • आफ्नो पहिचान तथा राज्यले प्रदान गर्ने सेवा सुविधाका विषयमा गाउँपालिकाकसँग सहकार्य गरी आफ्ना वर्गको आर्थिक, सामाजिक, राजनैतिक अवस्था सुदृढ गर्ने कार्यमा अग्रसर रहने,<br>• समाजमा देखिएका विभेदकारी प्रचलन तथा असमानताका विरुद्ध अभियान संचालन गर्न योजना बनाई गाउँपालिकामा माग गर्ने ।<br>• प्रमुख सरोकारका लक्षित समूहहरुको सवाल एबं समस्या तथा आवश्यकताका सम्बन्धमा खण्डिकृत तथ्यांक संकलन गरि गाउँपालिका तथा अन्य सरोकारवालालाई उपलब्ध गराउने,<br>• लक्षित वर्गका लागि पर्याप्त योजना तथा बजेट सुनिश्चत गर्नका लागि योजना तर्जुमा चरण देखि कार्यान्वयन तथा अनुगमन चरणमा प्रमुख साझेदारका रुपमा नियमित समन्वय र सहकार्य गर्ने वा गर्न गराउन वकालत गर्ने । |
| **(३) अधिकारवादी संघ संस्था, गैरसरकारी संघसंस्थाहरु** | • कानुनले निर्दिष्ट गरेका लक्षित वर्गको हकहीतका विषयहरुको प्रभवकारी कार्यान्वयनका लागि गाउँपालिकासँग समन्वय र सहकार्य गर्ने ।<br>• महिला, दलित, जनजाति, अति विपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी तथा संवेदनशिल बनाउन |

| सरोकारवाला | भूमिका तथा जिम्मेवारी |
|---|---|
| | सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>• लैङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितहरुलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>• गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>• लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| **(४) निजी क्षेत्र विकास बैंक, बित्तिय संस्था र उद्योग बार्णिज्य संघ आदि)** | • स साना उद्यम व्यवसाय गर्न  चाहने विपन्न वर्गका व्यक्ति तथा समुदायलाई सहज तरिकाले बैंकबाट ऋण दिलाउन पहल गर्ने,<br>• निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवाहरुमा सबै समुदाय तथा वर्गको पहुँच सुनिश्चित गर्न दुर्गम वस्तीहरुमा समेत सेवा प्रवाह प्रभावकारी बनाउने,<br>• महिला, बिपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>• वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने ।<br>• महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन व्यवसायिक कार्य योजना तयारी तथा अभिमूखिकरण कार्य मार्फत प्रोत्साहान गर्ने ।<br>• गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| **(५) जिल्लास्तरीय अन्य सरकारी तथा सार्बजनिक निकायहरु** | • लैससासमैत्री संरचना निर्माण गरि कार्यप्रणाली अवलम्बन गर्ने ।<br>• लैससास संवेदनशिल ब्यबहार अबलम्वनका लागि आचारसंहिताको पुर्ण पालना गर्ने ।<br>• सेवा प्रबाहमा सबै बर्ग समुदायको पहुँच सुनिश्चित गर्न तथा |

| सरोकारवाला | भूमिका तथा जिम्मेवारी |
|---|---|
| | लाभ एवं अवसरको बाँडफाँडमा न्यायोचित वितरण प्रणाली अवलम्बन गर्ने ।<br>● महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका जनसाधारणलाई लैससास संवेदनशील एकीकृतसेवा प्रणाली सुनिश्चित गर्ने ।<br>● मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्य लैंगिक हिंसा बिरुद्धको सेवालाई सरल र सहज बनाउन स्वास्थ्य सेवा कानुनी परामर्श साथै मनोबिमर्श सेवाको ब्यबस्था गर्ने ।<br>● लैंगिक उत्तरदायि बजेट कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्ने । |
| **५) प्रदेश तथा संघीय सरकार** | ● लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्राबधानहरुलाई स्थानीयकरण गर्न गाउँपालिका लगायत सरोकारवालाकहरुको क्षमता बिकास गर्ने ।<br>● लैससास दृष्टिकोणबाट योजना तर्जुमा तथा कार्यान्वयनका लागि अनुगमन ढाँचाहरु पुनराबलोकन गर्न लगाई नियमित समन्वय तथा अनुगमन गर्ने<br>● नियमित लैंगिक उत्तादायी बजेट निर्माण र लैसससा परिक्षण गर्न क्षमता बिकास गर्ने र काम सम्पन्न भए नभएको नियमित समन्वय तथा अनुगमन गर्ने । |

## २.४ लैससासको क्षेत्रमा यशोधरा गाउँपालिको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण

यशोधरा गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा हासिल उपलब्धी, सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु पहिँचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामान गर्न यस रणीनतिक योजनाले मार्गनिर्देश गरेको छ । यस गाउँपालिकाको **(SWOT Analysis)** निम्न अनुसार प्रस्तुत गरिएको छ ।

| सवल पक्ष | कमजोर/सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| ▪ बाल विवाह, दाइजो प्रथा, महिला हिंसा, समाजका कुरिति कुसंस्कार विरुद्ध अभियान चलाइएको ।<br>▪ विपन्न वर्गका विरामीहरुलाई औषधी उपचारको प्रबन्ध गरेको ।<br>▪ विपन्न महिलाहरुलाई सीप विकास तालिम तथा विऊ पूँजी उपलब्ध गराएको ।<br>▪ लैससासका क्षेत्रकामा बजेट तर्जुमा गरी कार्यान्वयन गरि रहेको छ ।<br>▪ लैससास कार्यान्वयन तथा अनुगमन समिति र लैससास परिक्षण कार्यदल गठन भएको छ ।<br>▪ लैससास सम्पर्क व्यक्ति तोकिएको ।<br>▪ छात्र छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था ।<br>▪ परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या | ▪ लक्षित वर्गको खण्डिकृत तथ्यांक संकलन/अद्यावधिक नभएको ।<br>▪ लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति तर्जुमा गरी लागू गर्नु पर्ने ।<br>▪ महिला माथि हुने हिंसा अन्याय निरुपणको लागि लैससास मैत्री फैसला गर्ने छुट्टै संरचनाको स्थापना गर्नु पर्ने ।<br>▪ सबै सार्बजनिक निकायमा लैससास मैत्री पुर्वाधार हुनु पर्ने ।<br>▪ लैंगिक उत्तरदायि बजेट तर्जुमा तथा कार्यान्वयन नभएको ।<br>▪ गाउँपालिकाले ऐन, नियम, नीति तर्जुमा गर्दा लक्षित वर्गका प्रतिनिधिहरु समेतको सहभागितामा तर्जुमा गर्नु पर्ने ।<br>▪ लैससास सम्बन्धित छुट्टै गुनासो | ▪ लैससाससँग सम्बनिधत राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत तथा कानुनी व्यवस्थालाई स्थानीय सरकारले अवलम्बन गर्न सक्ने ।<br>▪ लक्षित वर्ग/समूह समूह संजाल मार्फत योजना माग गरी कार्यान्वयनमा लैजान सकिने ।<br>▪ स्थानीयस्तरमै अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य मार्फत लैससासका विविध गतिविधिहरु संचालन गर्न सकिने ।<br>▪ टोलविकास संस्था परिचालन गर्न सकिने । | ▪ सहज रुपमा बाल विवाह र दाइजो प्रथाको अन्त्य गर्न चुनौती ।<br>▪ सीमित स्रोतका बावजुद लक्षित समूहको असिमित आकांक्षा र आबश्यकता सम्बोधन गर्नुपर्ने बाध्यता ।<br>▪ अन्तर पुस्ता विचको सम्बन्ध सुदिढिकरण गर्न समस्या ।<br>▪ लैंगिक हिंसा तथा जातिय बिभेदको अन्त्य<br>▪ लक्षित समूह र रोजगारी विचको तादाम्यता र व्यवस्थापन ।<br>▪ नीति कार्यक्रमको सम्बन्धमा लक्षित |

| सवल पक्ष | कमजोर/सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| शिक्षा, जनस्वास्थ लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू सवै वडाहरुमा संचालन गरेको ।<br>▪ जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि बनाई कार्यान्वयन भएको छ<br>▪ अपाङ्ग परिचय पत्र वितरण कार्यविधि तर्जुमा भई परिचयपत्र वितरण भै रहेको छ ।<br>▪ न्यायिक समितिको क्रियाशील रहेको ।<br>▪ बार्षिक रुपमा लैससास परिक्षण शुरुवात भएको छ । | सुनुवाई संयन्त्र नभएको ।<br>▪ गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था गर्नु पर्ने ।<br>▪ मेलमिलाप कर्ता र मेलमिलाप केन्द्रको क्षमता विकास हुनु पर्ने ।<br>▪ बालविवाह, छुवाछुत तथा लैंङ्गिक हिंसाको अन्त्यका लागि अझ बढी कार्यक्रम सञ्चालन गरिनु पर्ने ।<br>▪ प्रजनन् स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन हुनु पर्ने । | ▪ लक्षित वर्गका सञ्जालहरुको क्षमता विकास गरी अझ बढी ससक्त बनाउन सकिने ।<br>▪ नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दा लक्षित वर्गको सहभागिता बढाउन सकिने ।<br>▪ संघ प्रदेश तथा स्थानीय तहको सहयोग समन्वय अभिबृद्धि गरी यस क्षेत्रमा अझ बढी काम गर्ने ।<br>▪ लक्षित समूहका संघ संस्थाहरुबीच आवश्यक समन्वय नहुनु । | समूहलाई सुसुचित गराउने ।<br>▪ पितृसतात्मक सोचाई परिवर्त गर्न नसक्नु<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित समुदाय वर्ग, क्षेत्र लिङ्ग को अर्थपुर्ण सहभागिताको सुनिश्चितता ।<br>▪ नेतृत्व तहमा लैंगिक तथा समाबेशी प्रतिनिधित्वको सुनिश्चितता । |

## २.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण बहु-क्षेत्रगत सवाल हो । त्यसकारणले विगतमा बिभिन्न मन्त्रालय तथा कार्यालयहरूले लैससास नीति तथा मार्गदर्शन तयार गरेतापनि केन्द्र देखि स्थानीय सरकारहरूले लैससास नीति बनाई नसकेको र निर्माण गरिएको नीति, रणनीति तथा कार्यक्रमहरूको पनि प्रभावकारी कार्यन्वयन हुन सकिरहेको छैन । नीति तथा कार्यक्रमहरूको अभावले गर्दा महिला तथा पछाडि परेका वा पारिएका समुहको आवश्यकता सम्बोधन गर्न सकिएको अवस्था अझै पनि छैन । फलस्वरुप बिभिन्न सरकारी कार्यालयहरूले प्रदान गर्ने सेवा तथा सुबिधाहरूमा महिला, दलित तथा पछाडि परेका समुदायको पहुंचमा र निर्णय गर्ने क्षमतामा कमी हुन गयो र उनीहरूले तर्जुमा गर्ने योजना, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी वा लैङ्गिक संवेदनशील हुन सकेन । यसका साथै सबै कार्यालयमा लैससासलाई मूलप्रवाहीकरण गर्नको लागि संरचनाहरूको कमी र यस विषयमा सबैको जानकारी समान रुपमा भएन जसले गर्दा लैससास विषयलाई सबैले गम्भिर रुपले आन्तरिकीकरण गर्न सकिएन। प्रदेश सरकार र हामीले लैससासको नीति तथा कार्यविधि बनाएर योजना, कार्यक्रम तथा बजेटको तर्जूमा गरिनसकेको विद्यमान अवस्थामा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा लैङ्गिक संवेदनशीलताको अभाव खड्किएको छ । फलस्वरूप लैङ्गिक उत्तरदायी बजेट प्रणालीका आधारभूत पक्षहरू समेत ओझेलमा परेका छन् । जसले गर्दा लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरूमा महिला, दलित तथा पिछडिएका समूहको सारभूत सहभागिता भन्दा औपचारिक प्रतिनिधित्वमा सीमित हुन पुगेकोछ । त्यसैले लैससासको लागि राजनीतिक प्रतिवद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन र जनचेतना अभिबृद्धि गरि गाउँपालिकाका हरेक विकास योजना तथा कार्यक्रमहरूमा लैससासलाई मूलप्रवाहीकरण गर्ने सोँच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर-निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्य यस गाउँपालिकाको लागि पनि चुनौतीका रूपमा रहेको छ। यस गाउँपालिकाका वडागत रुपमा लैससासका सवालहरुलाई निम्न अनुसार व्याख्या गरिएको छ।

### १. विपन्न महिला/एकल महिला

- गाउँपालिकाको नीति निर्माण तहमा आफ्नो भूमिकाका बारेमा जानकार नभएका कारणबाट उनीहरुको सहभागिता न्यून रहनु ।
- आफ्नो भूमिकाप्रति मौन/अनविज्ञ साथै पुरुष वर्गले नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु ।
- योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सहभागिता नगराइनु ।
- गर्ववती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु । जसले गर्दा गर्भवती महिला तथा सुत्केरी महिलाहरुमा पोषणको कमी
- घरेलु हिंसा, लैंगिक हिंसा, बलात्कार तथा यौनजन्य दुरब्यबहार र बिभेदबाट पिडित हुनु ।
- पुरुष प्रधान समाज र सोचका कारण लैंगिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै रहनु ।

- निरक्षर तथा सूचना प्रविधिमा पहुँच नपुगेका विपन्न महिलाहरु आफ्नो हक अधिकारका विषयमा अनविज्ञ ।
- मानसिक स्वास्थ्य समस्याको सिकार बन्नु ।
- आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रण कमि ।
- गरिवी तथा चेतनाको अभावमा शिक्षामा समान पहुँच स्थापित हुन नसक्नु ।
- कार्यलयहरुमा लैङ्गिकमैत्री संरचना तथा व्यबहारको कमि ।
- एकल महिला, अपांग, असाह्य महिलाहरुलाई अपमानजनक तथा असमान व्यवहार, सेवामा असमान पहुँच, समान अवसरबाट बञ्चित हुनु ।
- समाजमा महिलालाई हेर्ने परम्परागत दृष्टिकोण कायमै  रहनु (जस्तै महिलाले घरभित्रको मात्र काम गर्नु पर्ने, नेतृत्व लिन नहुने आदी) ।

## २. दलित, आदिवासी/जनजाति, लोपुन्मुख समुदाय

- आर्थिक अभाव र समाजमा अपहेलित भएका कारण राज्य संचालन प्रक्रियाको मूल प्रवाहीरणमा सहभागी हुन नसक्नु ।
- कृषि पेशा अपनाइएता पनि अधिकांशको आफ्नो नाममा जग्गा जमीन नहुनु, उब्जनीको ठूलो हिस्सा जमिनदारलाई दिनु पर्ने हुँदा वर्षभरी खान नपुग्ने समस्या ।
- परम्पारगत पेशालाई सहजै छोडन नचाहनु, गाउँपालिकाबाट पनि उनीहरुको उत्थानका लागि ठोस कदम चाल्न नसकेको ।
- गाउँपालिकाको वार्षिक नीति, योजना तथा कार्यक्रममा यी वर्गका लागि केही योजना कार्यक्रम सञ्चालन भएता पनि लक्षित वर्गको न्यून उपस्थिति ।
- गरिवीका कारण योजना तर्जुमा, कार्यान्वयनमा सहभागिता भन्दा जीवनयापनका लागि श्रम गर्नु पर्ने बाध्यता ।

## ३. बालबालिका

- बाल श्रम हुनु, बाल यौन दुरर्व्यवहार तथा शोषण लगायतका बिभेद जन्य व्यवहारबाट पिडित ।
- अधिकांश स्थानमा बालविवाहको प्रचलन कायमै रहनु र समाजले बालबिबाहलाई सहजै स्विकार गर्नु  ।
- बालमैत्री संरचना र व्यवहार नहुनु (जस्तै खेल मैदान, बालउद्यान, पुस्तकालय, बालमैत्री स्थानीय तह घोषणाका प्रारम्भिक कार्य अझै शुरु नहुनु आदी)
- सबै कार्यालयहरुमा स्तनपान कक्ष नहुनु ।
- बलिकाहरुलाई आत्मरक्षा शिप प्रदान गर्न नसकिएको ।
- बेसाहारा तथा अबिभावक बिहिनताका कारण संरक्षणको अभाव ।
- अभिभावकहरुको गरिवी तथा चेतनाको  अभावमा अधिकांश बालबालिका आधारभूत शिक्षाबाट बञ्चित ।

## ४. ज्येष्ठ नागरिक

- जेष्ठ नागरिकको सूचनामा पहुँच कमि ।

- जेष्ठ नागरिकलाई उचीत पालनपोषण तथा संरक्षणको व्यवस्था नहुनु साथै घरपरिवारबाट बेवास्ता र अपहेलना गरिनु ।
- ज्येष्ठ नागरीक माथि अपमानजनक ब्यबहार
- स्रोतमा पहुँच तथा नियन्त्रण कमि ।
- परिवार तथा समाजबाट अपहेलीत र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्याको शिकारको सम्भावना रहनु ।

**५. अपांगता भएका ब्यक्ति**

- शारिरिक अशक्तताका कारण सार्वजनिक कार्यक्रम समारोहमा उपस्थित हुन नसक्नु ।
- परिवार तथा समाजबाट अपहेलना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुरर्ब्यबहारको शिकार हुनु ।
- समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु ।
- मानसिक स्वास्थ्य समस्याको सिकार हुनु ।
- अपंगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमि हुनु ।
- बैकल्पिक शिक्षाको अवसरबाट बञ्चित ।
- क्षमता अनुसारको रोजगारीको अवसरबाट बञ्चित ।
- यौनजन्य शोषण तथा दुरर्ब्यबहार र बलात्कारको शिकार बन्नु ।

**६.लैंगिक तथा यौनिक अल्पसंख्यक :**

- समाजमा अझैपनि यस वर्गको पहिचान हुन नसक्नु ।
- समाजमा बहिस्कृत हुने डरले खुलेर समाजमा आउन नचाहनु ।
- समान अवसरबाट बञ्चित हुनु ।
- समाजबाट अपमानजनक ब्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राख्नु ।
- यी वर्गका लागि राज्यबाट आरक्षण वा विशेष सुविधाको व्यवस्था नहुनु ।

**७. सुकुम्बासी तथा अति बिपन्न समुदाय (यसमा विशेष गरी दैनिक ज्याला,मजदुरी गरी आफ्नो**

- अरुको जमीनमा खेती गरी वा दैनिक मजदुरी गरी जिवन निर्बाह गर्न बाध्य
- अशिक्षातथा गरिवीका कारण उच्च शिक्ष, स्वास्थ्य र रोजगारबाट बञ्चित
- सुचनामा पहुँच नपुग्दा गाउँपालिका तथा वडाबाट संचालित योजना लगायत सेवा सुबिधामा पहुँच कमी ।
- अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु ।
- निर्णयक तहमा सहभागिताको अवसरै नपाउनु ।

## २.६ यशोधरा गाउँपालिकाको लैससास मूलप्रवाहीकरण रणनीतिका लक्षित कार्यक्षेत्रहरु

यशोधरा गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यक्षेत्रहरु पहिचान गर्दा सर्वप्रथम संस्थागत संरचना, ऐन कानूनको व्यवस्था, मानव संशाधन र क्षमता विकासलाई मुख्य रुपमा हेर्नु पर्ने देखिन्छ । यसका अलावा लक्षित कार्यक्षेत्रलाई देहाय अनुसारका विषय क्षेत्रमा रणनीति तथा कार्यनीति तय गरिएको छ ।

१) लैससास मूलप्रवाहीकरण
२) आर्थिक, सामाजिक र राजनैतिक समावेशीकरण तथा सशक्तिकरण
३) संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास
४) समन्वय, सहकार्य र सहजीकरण
५) सामाजिक संरक्षण र सुरक्षा
६) अनुगमन तथा मुल्याँकन

## परिच्छेद ३. गाउँपालिकाको लैससास मूलप्रबाहिकरण रणनीतिको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र मुल्यमान्यता

### ३.१. लैससास मूलप्रवाहिकरण रणनीतिको दीर्घकालीन सोच :

लैङ्गिक, जातीय र क्षेत्रीय, धार्मिक, भेदभावमुक्त लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री, संवेदनशिल, समतामुलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

### ३.२ लक्ष्य:

लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट आगामी पाँच वर्ष भित्र बञ्चितिकरणमा परेका सबै वर्ग, क्षेत्र, जाति, लिङ्ग र समुदायलाई नीति निर्माण, शासन प्रक्रिया, सेवा प्रवाह र दिगो विकासको मुलप्रवाहमा समाहित गर्ने ।

### ३.३ रणनीतिक उद्देश्यहरु

३.३.१. गाउँपालिकाले आफ्नो कार्य दायराका सबै क्षेत्रहरुमा जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुश्लिम, पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक आदिको शशक्तिकरणका बहुआयामिक बाधा अडचनहरु हटाउँदै लैङ्गिक समानतालाई मूलप्रवाहीकरण गरिनेछ ।

३.३.२. लैससासबारे संबिधान तथा अन्य कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गरिनेछ ।

३.३.३. जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुँच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तीकरण गरिनेछ ।

३.३.४ गाउँपालिकाबासी विशेषगरि बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने ।

### ३.४ लैससास रणनीतिको औचित्यता :

संविधानद्वारा प्रदत्त मौलिक हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर र, किसान,

अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको भएता पनि सामाजिक असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएका कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ । लैससासका सवालहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवं कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न यस गाउँपालिकामा लैससास मूलप्रवाहीकरण सुनिश्चित गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्नका लागि यो लैससास रणनीति निर्माण गरिएको हो ।

## ३.५ लैससास मूलप्रबाहिकरण रणनीतिको मुल्य मान्यता :

यशोधरा गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा निम्न मूल्य मान्यताहरुलाई आत्मसात गरिनेछ ।

३.४.१. समाजमा बिद्यमान सबै प्रकारका बिभेद तथा लैंगिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अबलम्बन ।

३.४.२. सकारात्मक सोचको बिकास र लैससासमैत्री, सवेदनशिल ब्यबहार अवलम्बन ।

३.४.३. समाबेशी तथा अर्थपुर्ण सहभागिता

३.४.४. साझेदारी र सहकार्य

# परिच्छेद ४ प्रमुख रणनीति तथा कार्यनीतिहरु

## गाउँपालिकाको लैससास रणनीतिमा व्यवस्था गरिएको प्रमुख रणनीति तथा कार्यनीतिहरु

### ४.१. रणनीति

#### *४.१.१ मूलप्रवाहीकरण:*

क) गाउँपालिका तहमा महिला, गरीब तथा गरीब र बहिष्करणमा परका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरूलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरूको समग्रे विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिनेछ ।

ख) लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ ।

#### *४.१.२ आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सशक्तिकरण :*

श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको गाउँपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराइ उनीहरूलाई सवल बनाउँदै आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपत् व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास गरि गाउँबासीको लागि स्व:रोजगारीको व्यबस्था गर्दै लगिनेछ ।

#### *४.१.३ संस्थागत संरचना, सचेतिकरण तथा क्षमता बिकास :*

क) लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँग प्रभाबकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि गाउँपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरूलाई लैससासप्रति उत्तरदायी र जवाफदेही बनाउदै लगिनेछ ।

खं) स्थानीय नागरिक विशेष गरी पछाडि परका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको चुस्त/दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण तथा क्षमता अभिबृद्धि गरी गाउँपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक विकास गरिनेछ ।

ग) हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात् बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरू लगायत सम्बन्धित सबै

सरोकारवालाहरूलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरू संचालन गरि क्षमता विकास गरिनेछ ।

### *४.१.४ समन्वय, सहकार्य र सहजीकरण :*

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

ख) लैससास सम्बन्धी तथा कोभिड-१९ को संक्रमण सुरु भए पश्चात् बढेको लैङ्गिक हिंसा तथा घरेलु हिंसा लाईपनि ध्यानमा राख्दै, विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदिसँग साझेदारी तथा समन्वय गरिनेछ ।

### *४.१.५ सामाजिक संरक्षण र सुरक्षा :*

गाउँपालिकाबासी विशेषगरि बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरू लागु गर्दै लैजानेछ ।

### *४.१.६ अनुगमन तथा मूल्याङ्कन :*

गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लगिनेछ ।

## ४.२. कार्यनीति

### *४.२.१ कार्यनीति (रणनीति ४.१.१ सगं सम्बन्धित)*

क) योजना, कार्यक्रम तथा बजेट चक्रमा गाउँपालिकाले लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्न पूँजीगत बजेटको तोकिए बमोजिमको बजेट छुट्याइने छ । यसरी छुट्याइएको बजेट पछाडि परेका वा पारिएका, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका गरीब, महिला, बाल-बालिका, आदिबासी जनजाति, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिलाई प्राथमिकता दिई उनीहरूलाई बिकासको मूलधारमा ल्याउन कार्यान्वयन गरिने छ ।

ख) बढी भन्दा बढी अर्थपूर्ण जनसहभागीता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधितत्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ ।

ग) सेवा प्रवाह सयन्त्र र प्रक्रिया लैससासमैत्री हुनेगरी सुधार एवम विकास गर्नेछ ।

घ) लैङ्गिक उतरदायी योजना तथा बजेट तर्जुमा तथा लैङ्गिक लेखाजोखा बिधिलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउनेछ ।

ङ) गाउँपालिकाको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला तथा वञ्चितीकरणमा परका र पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एवं निरन्तर सञ्चालन गर्नेछ ।

च) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्नेछ ।

छ) लैङ्गिक उत्तरदायी योजना तथा वजेट मार्फत नतिजामूखी आवधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्नेछ ।

ज) लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि सूचकहरू निर्धारण गरी यसका प्रयोगलाई योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्नेछ ।

झ) लैङ्गिक उत्तरदायी योजना तथा वजेटलाई स्थानीय सरकारले आन्तरिकरण गरि यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गर्नेछ ।

ञ) गाउँपालिकाको लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समितिले गाउँपालिकाको आवधिक/बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्नेछ ।

ट) लैङ्गिक उत्तरदायी योजना तथा वजेट तर्जुमा गर्न आवश्यक तथ्याङ्क र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गर्नेछ ।

ठ) सेवाप्रदायक निकायका सरोकारवालाहरूलाई लैङ्गिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि सीप विकास गर्नेछ ।

ड) गाउँपालिका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालाई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धि सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गर्ने छ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गर्नेछ ।

ढ) सबै सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरि गाउँबासीलाई आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपद्हरूको व्यवस्थापन गर्नेछ ।

ण) कृषि, सहकारी,पर्यटन आदिको समुचित विकास एवं प्रबर्द्धन गरि गाउँबासीका लागि स्वःरोजगारीको ब्यबस्था गर्दै लानेछ ।

त) गाउँपालिकाका प्रतिबेदनहरूमा लैङ्गिक उत्तरदायी वजेट मापन तथा परीक्षणका प्रतिबेदनहरू समाबेश गर्ने व्यबस्थालाई संस्थागत गर्ने छ र यसमा भएका उपलब्धीको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरूलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गर्नेछ ।

### *४.२.२ कार्यनीति (रणनीति ४.१.२ संग सम्बन्धित)*

क) स्थानीय शासनसँग सम्बन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरूको अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरूलाई संलग्न गराई लैससास दृष्टिकोण पुनरावलोकन तथा निर्माण गर्नेछ ।

ख) खण्डीकृत तथ्याकं र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बन्चितिकरणमा परेका समूहको पहिचान गर्नेछ ।

ग) दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पँहुच तथा नियन्त्रणमा बृद्धि गर्ने कार्यनीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्नेछ ।

घ) विविधताको सम्मान गर्दे विपन्न बर्गहरूसँगको निरन्तर अभिमूखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यान्वयन गर्नेछ ।

### *४.२.३ कार्यनीति (रणनीति ४.१.३ संग सम्बन्धित)*

क) लैससासका लागि संस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि विभिन्न सचेतिकरण तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

ख) गाउँपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघ-संस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङघहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा ल्याउनेछ ।

ग) सबै समुदायका विपन्न महिला-पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरूसगको निरन्तर अभिमूखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी गाउँपालिकाको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएका हरूका लागि विद्यमान प्रावधानहरू र गाउँपालिकाको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गराउनेछ ।

घ) लैससास सम्बन्धि जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यान्वयन गर्नेछ ।

ङ) गाउँपालिकाको प्रमुख एवम् राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाउनेछ ।

च) लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरू तयार गरी समयानुकूल सुधार गरी कार्यन्वयनमा ल्याउनेछ ।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराउनेछ ।

ज) गाउँपालिकाले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गर्नेछ ।

झ) लैससास सम्बन्धि असल अभ्यास छनौट गरी सोको प्रचार प्रसार गर्न उत्प्रेरित गर्नेछ ।

ञ) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्याकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्नेछ ।

*४.२.४ कार्यनीति (रणनीति ४.१.४ संग सम्बन्धित)*

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र, सामुदायिक समूहहरू तथा नागरिकहरू बीच तल उल्लेख गरे अनुसार साझेदारी, समन्वय, सहकार्य र सहजीकरण गर्नेछ ।

| **समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि सम्भाव्य संस्थाहरु** | **सम्भावित कार्य तथा भूमिका** |
|---|---|
| **केन्द्रीय तथा प्रादेशिक सरकार ।** | ● लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने ।<br>● लैससासलाई राष्ट्रिय नीतिहरूमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने ।<br>● लैससास सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससँग समन्वय कायम गर्ने ।<br>● लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।<br>● महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पुऱ्याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने । |
| **महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, एकल महिला, अपाङता तथा जेष्ठ नागरिक, बालबालिका, किशोर किशोरी, युवा तथा विभिन्न जात जाति आदि वञ्चित समूहहरू ।** | ● विभिन्न सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य र सहजीकरण गर्ने । |
| **विकास साझेदार** | ● केन्द्रीय, प्रदेश एवम् स्थानीय सरकारहरूको लैससास |

| समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि सम्भाव्य संस्थाहरु | सम्भावित कार्य तथा भूमिका |
|---|---|
| **संस्थाहरू ।** | सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने ।<br>● लैससासलाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने ।<br>● यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय, प्रदेश एवम् स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने । |
| **नागरिक समाज, गैसस तथा निजी क्षेत्र ।** | महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुऱ्याउन समन्वय र सहकार्य गर्ने । |
| **स्थानीय समुदाय ।** | ● आफ्नो बस्तीका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने ।<br>● वस्ती स्तरबाट माग गर्नुपर्ने योजनामा महिला, दलित तथा पिछडिएका समुदायको सक्रिय सहभागिता गराउनका लागि समन्वय गर्ने ।<br>● लैससास दृष्टिकोणबाट योजना प्रगति एवम् चुनौतिहरूको आफै अनुगमन गर्ने ।<br>● महिला, दलित तथा पिछडिएको समूहको विकास गर्न विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै वहस सञ्चालन गराउनको लागि समन्वय गर्ने ।<br>● पिछडिएका वर्गहरूको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तीकरण गर्नका लागि समुदायसँग समन्वयन गर्ने ।<br>● लैङ्गिक समानता प्राप्तिको लागि प्रत्येक घर परिवारमा सचेतीकरण गर्नको लागि समन्वय गर्ने ।<br>● महिलाले घरमा गर्ने भूमिकालाई उत्पादकत्वमूखी बनाउन सहयोग गर्नको लागि समन्वय तथा सहकार्य गर्ने ।<br>● यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने । |

### *४.२.५ कार्यनीति (रणनीति ४.१.५ सँग सम्बन्धित)*

गरीब असहाय बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांक पत्ता लगाई सोको विवरण अद्यावधिक गर्दै तिनीहरूका लागि सामाजिक संरक्षण

तथा सुरक्षा प्रदान गन कार्यनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरू लागु गर्दै लैजाने ।

### *४.२.६ कार्यनीति (रणनीति ४.१.६ संग सम्बन्धित)*

क) गाउँपालिका अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रम र गाउँपालिका आफै लैससास उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरि अनुगमन तथा मूल्याँकन गर्ने ।

ख) लैससास महाशाखा/शाखाले अनुगमन तथा मूल्याँकन शाखासंग उस्को कार्यविधि, निर्देशिका, फेमवर्क तथा अन्य योजना तथा कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्याँकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने ।

ग) गाउँपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याँकन प्रणालीमा सुधार गरी लैससासमूखी बनाउन उद्देश्य र सूचकहरू लैससासका आधारमा खण्डिकृत गर्ने ।

घ) खण्डिकृत तथ्याङ्क संकलन र उपलब्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिबेदनमा खण्डिकृत तथ्याङ्क सम्मिलित प्रतिबेदन पेश गर्ने ।

ङ) लैससास शाखाले लैङ्गिक तथा सामाजिक समाबेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्याँकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सोबाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने ।

च) लैससास शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यबधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यबस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने ।

छ) गाउँपालिका तहमा गठित लैससास, सहजीकरण, कार्यान्वयन, सूपरीबेक्षण तथा अनुगमन कार्यन्वयन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन लैससास शाखाको समन्वय तथा सहकार्यमा लैससास सम्बन्धी सूचकहरूको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्रारम्भिक तथ्याँङ्क संकलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग-निर्देशन गर्ने र सोका लागि अभिमूखीकरण गर्ने ।

ज) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने । यी क्रियाकलापहरूमा महिला, बाल-बालिका, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा मुस्लिम आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने ।

## ४.३. लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनका लागि कार्य योजना

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु | समयावधि | लक्षित समूह | जिम्मेवारी |
|---|---|---|---|---|
| **१. गाउँपालिकाले आफ्नो कार्य दायराका सबै क्षेत्रहरुमा जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुश्लिम, पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक आदिको शशक्तिकरणका बहुआयामिक बाधा अडचनहरु हटाउँदै लैङ्गिक समानतालाई मूलप्रवाहीकरण गर्ने ।** | १. जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति, अल्पसंख्यक आदि प्रति विभेदकारी सम्पूर्ण बिधमान कानून तथा नीतिहरू पुनरावलोकन, संशोधन एवं खारेज तथा अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरूलाई संलग्न गराई तर्जुमा/परिमार्जन गर्ने । | आ.व. ०७९/०८० भित्र | जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, गैससहरु | लक्षित समूहहरु, सामाजिक विकास शाखा, कार्यपालिका, गाउँ सभा |
| | २. अपाङ्गता भएका व्यक्तिरुको अवस्थालाई मानव अधिकारको रुपमा मान्यता दिई उनीहरुका लागि बनेका सबै नीतिहरुमा लैससासको आयामलाई प्रणालीगत रुपमा समावेश गर्ने | आ.व. ०७९/०८० भित्र | अपाङ्गगता भएका व्यक्ति तथा समूह, | सामाजिक विकास शाखा, कार्यपालिका, गाउँ सभा |
| | ३. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा बाल-बालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमागरि कार्यान्वयन गर्ने । | ०७९ पौष मसान्त | बाल-बालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक | योजना शाखा, वडा कार्यालय, बजेट तर्जुमा समिति, कार्य पालिका, गाउँ सभा |

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु | समयावधि | लक्षित समूह | जिम्मेवारी |
|---|---|---|---|---|
| | ४. गाउँपालिका भित्र कार्यरत सबै सामाजिक संघ संस्थामा लैससास नीति बनाउन उत्प्रेरित गर्ने र सबै वडालाई सुरक्षित र मर्यादित बनाउनका लागि लैससास आचारसहिंताको निर्माण गरि कार्यान्वयन गर्ने । | आ.व. ०७९।८० भित्र | लक्षित वर्ग, क्रियाशील गैससहरु, आम नागरिकहरु | सामाजिक विकास शाखा, कार्यपालिका |
| | ५. सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्वोधन गर्दै स्तनपान कक्ष, शिशु स्याहार कक्ष आदिको व्यवस्था गर्ने । | आ.व( ०७९।०८० भित्र | महिला कर्मचारी तथा सेवाग्राहीहरु | पूर्वाधार विकास शाखा, कार्यपालिका |
| | ६. गाउँपालिका भित्रका सबै पूर्वाधार तथा सामाजिक संरचनालाई लैङ्गिकमैत्री, जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री र बालबालिका मैत्री बनाउने । | आ.व. ०८०।०८१ भित्र | अपाङ्गता भएका व्यक्तिहरु, असक्त, जेष्ठ नागरिक, बालबाबलिका, महिला | पूर्वाधार विकास शाखा, कार्यपालिका |
| | ७. सबै वडामा महिला/यौन हिंसा, दुर्व्यवहारका गुनासो सुन्ने ब्यक्ति तोक्ने र प्राप्त गुनासाहरूको कानून अनुसार उचित व्यवस्थापन गर्ने । | आ.व. ०७९।८० भित्र | महिला, बालबालिका, हिंसा पिडित व्यक्तिहरु | सामाााजिक विकास शाखा, वडा कार्यालय |
| | ८. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने | आ.व. ०७९।०८० भित्र | सम्पूर्ण लक्षित वर्ग सहित नागरिक समाज, | योजना शाखा, सामाजिक विाकस शाखा |
| **२. गाउँपालिकाबासी विशेषगरि बाल-बालिका,** | १. गाउँपालिकाका सबै घरपरिवारलाई स्वास्थ्य बीमामा समाबेश गराउने र स्वास्थविमाको प्रीमियम तिर्न नसक्ने | आ.व.०७९।०८० देखि | सम्पूर्ण लक्षित वर्गहरु | सामाााजिक विकास शाखा, |

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु | समयावधि | लक्षित समूह | जिम्मेवारी |
|---|---|---|---|---|
| **जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने ।** | अति विपन्न घरपरिवारको लागि वडाको तर्फबाट भुक्तानीको व्यवस्था मिलाउने । | | | आर्थिक प्रशासन शाखा |
| | २. बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र संचालनका लागि नीति र कार्यक्रम तर्जुमा, आवश्यकता अनुसार केन्द्रहरू स्थापना गरि संचालन गर्ने । | आ.व.०८०।०८१ देखि | बालबालिका, जेष्ठ नागरिक, असक्त, अपाङ्गता भएका व्यक्तिहरु | सामााजिक विकास शाखा, योजना शाखा, पूर्वाधार विकासक शाखा |
| | ३. औषधि उपचार तथा स्वास्थ्य सुरक्षा, मातृत्व सुरक्षा, दुर्घटना सुरक्षा, अशक्तता सुरक्षा, वृद्ध-वृद्धाको सुरक्षा, आश्रित परिवार सुरक्षा, बेरोजगारी सहायता, जीवन बीमा, पशु बीमा, बाली बीमा लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरूमा लक्षित समुदाय तथा वर्गलाई सहभागिताको लागि उत्प्रेरित गर्ने । | आ.व.०८०।०८१ देखि | सम्पूर्ण लक्षित वर्गहरु | सामाजिक विकास शाखा, योजना शाखा, स्वास्थ्य शाखा |
| | ४. एकल महिला, विपन्न र दलित समुदायलाई आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाहरू निःशुल्क वा सहुलियत दरमा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने । | आ.व.०८०।०८१ देखि | सम्पूर्ण लक्षित वर्गहरु | सामाजिक विकास शाखा, स्वास्थ्य शाखा |
| | ५. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति , दलित समुदायकापरिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता नियमानुसार सहज ब्यबस्थापन गरि समयमै | आ.व.०७९।०८० देखि | सम्पूर्ण लक्षित वर्गहरु | सामाजिक सुरक्षा शाखा |

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु | समयावधि | लक्षित समूह | जिम्मेवारी |
|---|---|---|---|---|
| | उपलब्ध गराउने । | | | |
| **३. जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुँच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तीकरण गरिनेछ ।** | १. “एक घर-एक महिला रोजगार” भन्ने नाराका साथ परिणाममा आधारित रोजगारीका कार्यक्रम/अभियानहरू सञ्चालन गर्ने । | आ.व.०८०।०८१ देखि निरन्तर | सम्पूर्ण लक्षित वर्गहरु | सामाजिक विकास शाखा, योजना शाखा |
| | २. महिला, दलित तथा विपन्न वर्गको समुदायहरूलाई वडामा उत्पादित बस्तुको बजार ब्यवस्थापन गर्ने र ब्यवसायिक हुनका लागि प्रोत्साहन हुने कार्य सञ्चालन गर्ने । | आ.व.०७९।०८० देखि | महिला, दलित तथा विपन्न वर्ग | सामााजिक विकास शाखा, योजना शाखा |
| | ३. जेष्ठ नागरिक, अपाङ्ग, असहायहरूका लागि दिवा सेवा तथा मिलन केन्द्र लगायतका संरचना स्थापना गर्ने र ती केन्द्रबाट आफ्नो क्षमता अनुसारको परिणाममा आधारित रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्ने । | आ.व.०७९।०८० देखि | सम्पूर्ण लक्षित वर्गहरु | सामााजिक विकास शाखा, योजना शाखा |
| | ४. महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ट नागरिक, यौनिक अल्पसंख्यक तथा किशोरीहरूको लागि सहयोग पुग्ने सामुदायिक तथा सहकारी भवन निर्माणका साथै हिंसा पीडित महिला तथा किशोरीका लागि अस्थायी आवास गृह निर्माण गर्न सहयोग गर्ने । | आ.व.०७९।०८० देखि | सम्पूर्ण लक्षित वर्गहरु | सामााजिक विकास शाखा, योजना शाखा |

| | | | | |
|---|---|---|---|---|
| | ५. सबै वडामा समान कामको लागि समान ज्यालाको सुनिश्चितता गर्न जनचेतनामूलक कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्ने । | आ.व.०८०।०८१ देखि | सम्पूर्ण लक्षित वर्गहरु | सामाािजक विकास शाखा, योजना शाखा |
| | ६. सबै सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरि गाउँबासीलाई आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपदहरूको व्यवस्थापन गर्ने । | आ.व.०७९।०८० देखि | सम्पूर्ण लक्षित वर्गहरु | सामाािजक विकास शाखा, योजना शाखा |
| | ७. बाल अधिकारको आधारमा बालमैत्री योजना तर्जुमा गरि सोको कार्यान्वयन गर्न बालबालिकाहरूको अर्थपूर्ण सहभागितामा जोड दिने । | आ.व.०८१।०८२ देखि | बालकालिकाहरु | सामाािजक विकास शाखा, योजना शाखा |
| | ८. बाल-क्लब तथा बालबालिकाहरूको समूह वा संजालहरूको सबलीकरण, संस्थागत विकास र व्यबस्थापन गर्दै बाल भेला आदिलाई आवश्यक सहयोग गर्ने । | आ.व.०८१।०८२ देखि | बालबालिकाहरु | सामाािजक विकास शाखा, योजना शाखा |
| | ९. वर्षको अन्त्यमा वडा कार्यलय तथा वडा कार्यालयले तर्जुमा गरेका योजनाहरू लैससास संवेदनशील भएको सुनिश्चितताको लागि लैससास परीक्षण गर्ने । | आ.व.०८१।०८२ देखि | सबै लक्षित वर्ग | |
| | १०. गाउँपालिकाका सबै कार्यक्रम तथा योजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गरि यसलाई संस्थागत गर्दै लैजाने । | आ.व.०८१।०८२ देखि | सबै लक्षित वर्ग | |
| **४. लैससासबारे संबिधान तथा अन्य कानूनमा भएका** | १. लैससासमैत्री शासन पद्दतिबारे सबै निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, सेवा प्रदायक, लैससास सम्पर्क व्यक्ति आदिको क्षमता अभिबृद्धि तालिम आयोजना गरी लैससास प्रवर्द्धनगर्ने संयन्त्र तथा प्रक्रियाहरू निर्माणको | आ.व. ०७९ पौष मसान्तभित्र | निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु, सेवा प्रदायक संस्थाका | सामाजिक विकास शाखा, प्रमुख प्रशासकीय |

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु | समयावधि | लक्षित समूह | जिम्मेवारी |
|---|---|---|---|---|
| **व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गरिनेछ ।** | थालनी गर्ने | | प्रतिनिधिहरु | अकृित |
| | ३. पदाधिकारी, कर्मचारी, कानून पालन गराउने निकायहरू, धार्मिक एवं सामुदायिक नेताहरू र सर्ब-साधारण जनतालाई लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लैङ्गिक पहिचान तथा अभिव्यक्ति, लैङ्गिक बिषेशताहरूको आधारमा हुने विभेद र घरेलु हिंसा आदिका बारेमा सचेतना, घरेलु तथा यौन हिंसा बिरुद्ध परिणाममा आधारित तालिमहरू उपलब्ध गराउने । | आ.व. ०७९।०८० भित्र | पदाधिकारी, कर्मचारी, नागरिक अगुवा, उपभोक्ता समितिका पदाकिारी | सामाजिक विकास शाखा, कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| | ४. गरिब, जेहन्दार र अपाङ्गता भएका छात्र छात्राहरूका लागि छात्रवृत्ति कार्यक्रम, बाल-बालिकाहरूको विकास तथा सशक्तीकरण कार्यक्रम, अभिभावकहरूका लागि बालबालिकाहरूको हेरचाह बारे ज्ञानको अभिबृद्धि गर्ने कार्यक्रम, गाउँपालिकामा बाल-बालिकाहरूको लागि योजना, बजेट तथा कार्यक्रम तर्जुमा, बाल-बालिका, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूको प्रोफाइल तयार गर्ने तथा उनीहरूको अवस्था विश्लेषण गर्न सर्वेक्षण गर्ने प्रकारका कार्यक्रमहरू संचालन गर्ने । | आ.व. ०८०।०८१ भित्र | बालबालिकाहरु | सामाजिक विकास शाखा, कार्यपालिका, गाउँ सभा |
| | ५. वडामा व्याप्त विभेद, शोषण र उत्पीडनको अन्त्य गर्न महिला, दलित र पिछडिएका समुदायको सीप र दक्षता अभिबृद्धि गर्न क्षमता र चाहना अनुसारको परिणाममा | आ.व.०७९।८० देखि निरन्तर | महिला, दलित, पिछडिएका समुदाय लगायत विपन्न | सामाजिक विकास शाखा, योजनाा शाखा |

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु | समयावधि | लक्षित समूह | जिम्मेवारी |
|---|---|---|---|---|
| | आधारित सीपमूलक तालिम सञ्चालन गर्ने । | | वर्गहरु सबै | |
| | ६. लैङ्गिक तथा घरेलु हिंसा अन्त्यको लागि बहस, पैरवी तथा सचेतनामूलक अभियान सञ्चालन गर्ने । | आ.व. ०७९।०८० देखि निरन्तर | घरेलु तथा लैङ्गिक हिंसामा परेका सबै व्यक्ति तथा परिवारहरु | सामाजिक विकास शाखा, योजना शाखा |
| | ७. छुवाछुत, सामाजिक कुरीति, अन्धबिश्वास, बालश्रम, लैङ्गिक हिंसा, बालबिबाह, बहु-बिबाह, दाईजो, बोक्सी जस्ता अमानवीय प्रथा (हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात् बढेका विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसा लाईपनि ध्यानमा राख्दै) रोकथामका लागि नीति तथा कार्यक्रम बनाई लागु गर्ने । | आ.व. ०७९।०८० | दलित, अल्पसंख्यक, उत्पिडित, उपेक्षित वर्ग | सामाजिक विकास शाखा, फोकल पर्सन, योजना शाखा |
| | ८. जन्म दर्ता, खोप, पोषण, बाल-स्वास्थ्य, जन-स्वास्थ्य, प्रजनन स्वास्थ्य, एच. आई. भी./एड्स, पाठेघर सम्वन्धि समस्या तथा यसको रोकथामबारे परिणाममा आधारित जनचेतना जगाउने अभियान संचालन गर्ने । | ०७९।०८० देखि निरनतर | सबै बालबालिका, महिला लगायत समग्र जनसमुदाय | घटना दर्ता शाखा, स्वास्थ्य शाखा, योजना शाखा |

## परिच्छेद ५ :  लैससासको लागि संस्थागत व्यवस्था

लैससास मूलप्रवाहीकरण भन्ने वित्तिकै गाउँपालिकाको हरेक क्रियाकलापमा लैससासको मुद्दालाई समाहित गर्दै लानु मुख्य कार्य हो । यसको दीगो कार्यान्वयन र व्यवस्थापनका लागि स्थायी संरचनाको आवश्यक पर्दछ र यसको कार्यान्वयन  प्रभावकारी भई लक्षित वर्गले लाभ लिन सक्छन् । निर्वाचित प्रतिनिधि,  कर्मचारी तथा अन्य सरोकारवालाहरुले लैससासको विकास पनि गाउँपालिकाको समग्र विकास प्रक्रियाको एक महत्वपूर्ण अन्तरसम्बन्धित विषय हो भनी बुझ्नु पनि उत्तिकै जरुरी छ । यसका लागि देहाय बमोजिमको लैससासको लागि संस्थागत व्यवस्था गरिएको छ :

### ५.१ सामाजिक विकास महाशाखा/शाखा र यसको काम तथा कर्तब्य :

लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँग प्रभाबकारी समन्वय कायम गरी कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि सम्पूर्ण कामहरू गर्ने सर्न्दभमा यस महाशाखा वा शाखाले लैससास, महिला, आदिबासी जनजाति, वाल-वालिका, किशोर किशोरी तथा युवा, अपाङता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा निगमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धि कामहरू गर्नेछ साथै यस महाशाखा/शाखाले निम्न थप कार्यहरू गर्नेछ :

क) गाउँपालिका भित्रका पछाडि परेका वा पारिएका असक्त, गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूह आदिको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्नेछ ।

ख) महिला, बालबालिका, आदिबासी जनजाति, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको हक सम्वन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्नेछ ।

ग) लैससास तथा लैङ्गिक उत्तरदायी योजना तथा बजेटको अवधारणाको प्रवर्द्धन गरि यसै अनुसार सामाजिक विकासका लागि योजना तथा कार्यक्रम बनाई लागु गर्नेछ ।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामूखी योजना तर्जुमा गर्नेछ ।

ङ) महिला बाल-बालिका, आदिबासी जनजाति, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिकोआर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्नेछ ।

च) लैङ्गिक हिंसा नियन्त्रणका लागि निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय र पूनस्थापना गर्नेछ ।

छ) लैङ्गिक पक्ष सम्वन्धी व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने र यससम्वन्धि गुनासो व्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्नेछ ।

झ) गाउँपालिकाको योजना तथा कार्यक्रमको अनुगमन र मूल्यांकनका साथै संस्थागत रुपमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण नियमित रुपमा गर्नेछ ।

ञ) सञ्चार माध्यमबाट लैससास सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण गर्नेछ ।

ट) महिला बाल-बालिका, आदिबासी जनजाती, जे ष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्नेछ ।

ठ) लैससासको अवधारणा अनुसार कार्यस्थलको संस्कारमा सुधारको पहल गर्नेछ ।

ड) लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउनेछ ।

ढ) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउनेछ ।

## ५.२ विभिन्न समितिहरूको गठन

नेपालको संघीय व्यबस्था अनुसार गाउँपालिकाले विभिन्न समितिहरू गठन गरि यस नीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि निम्नानुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गर्नेछ ।

**(क) गाउँपालिका लैससाससमिति :**

यस लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन गर्न निम्नानुसारको एक समिति रहने छः

१ अध्यक्ष - संयोजक

२. उपाध्यक्ष - सदस्य

३. कार्यपालिकाका सदस्यहरू मध्येवाट (एक जना महिला सहित) २ जना - सदस्य

४. गाउँ कार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला सहित) जना - सदस्य

५. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

६ सामाजिक विकास शाखा/महाशाखा प्रमुख - सदस्य सचिव

(उपरोक्त समितिमा आवश्यकता अनुसार लैससास क्षेत्रमा कार्यरत गैसस, महिला संजाल, युवा संजाल, अपाङता भएका व्यक्तिहरूको संजाल, बिज्ञ, उद्योग बाणिज्य संघ, पत्रकार महासंघका प्रतिनिधि आदिलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ) ।

**(ख) गाउँपालिका लैससाससमितिको काम, कर्तव्य र अधिकार :**

१. गाउँपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।

२. लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धी गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा कार्यपालिका मार्फत गाउँ सभा समक्ष सिफारिस गर्ने ।

३. संघ तथा प्रदेश सरकार बाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हकहीतको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँ सभा समक्ष सिफारिस गर्ने ।

५. यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा यो जना कार्यन्वयनमा सहयो ग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने ।

६. गाउँपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

७. लैससाससंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी, संझौताहरूको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने ।

८. गाउँपालिकामा क्षेत्रभित्र लैससाससंग सम्वन्धी काम गर्ने संघ-संस्थाहरूसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**(ग) गाउँपालिका लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरिवेक्षण तथा अनुगमन समितिको बैठकर निर्णय :**

१. समितिको बैठक वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ ।

२. संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ ।

६. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(घ) वडास्तरीय समिति :**

गाउँपालिकाको प्रत्येक वडामा यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ । जसमा देहाय बमोजिका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :

१ सम्वन्धित वडाको वडा अध्यक्ष - संयोजक

२ सम्वन्धित वडाका वडा सदस्यहरू - सदस्य

३ सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरू - सदस्य

४ सम्वन्धित वडाको वडा सचिव - सदस्य सचिव

**(ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :**

१. वडा भित्रका महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२ वडा भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने ।

३. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने गराउने ।

४. वडाका सबै संरचनाहरूमा ३३ प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता गर्ने र ५० प्रतिशतको लागि आवश्यक पहल गर्ने ।

५. यस नीतिसंग सम्वन्धित कार्यकम तथा यो जना कार्यन्वयनमा सहयो ग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरूको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने ।

६. वडाको वार्षिक तथा आवधिक योजना, कार्यकम तथा बजेट लैससास उत्तरदायि वा संवेदनशिल भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियमित लैससास परीक्षण गराउन सहजीकरण गर्ने ।

७. वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भै हाले पनि उजुरी कर्ताको सुरक्षाको निम्ती कुनै व्यवस्था नरहेकाले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र दुरब्यबहार सम्बन्धी विषयमा प्राप्त गुनासाहरू लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने ।

८. लैससासको अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने ।

९ लैससास सम्बन्धित आचारसहिंता निर्माण गर्न सहजिकरण गर्ने ।

१०. लैससासमा काम गर्ने आन्तरिक र बाह्य संध-सस्थासँग समन्वय र सहकार्य गर्ने ।

## ५.३ गुनासो व्यवस्थापन :

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरूले वडा कार्यालयको कार्य क्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलुहिंसा र र्दुव्यबहार सम्बन्धी विषयमा आफ्ना गुनासा तथा सुझावहरू भए निर्बाधरुपमा कानून बमोजिम राख्न सक्नेछन् । यस्ता गुनासोहरूको संकलन गरी व्यवस्थापनका लागि सम्बन्धित समितिमा पठाउन वडा कार्यालयमा एक जना सम्पर्क व्यक्ति तोकिनेछ ।

**क) सम्पर्क व्यक्तिहरूको काम कर्तव्य निम्नानुसार हुनेछः**

१. वडावासीहरूलाई गुनासो व्यवस्थापन सयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने ।

२. वडामा विभिन्न माध्यमबाट आएका लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा र र्दुव्यवहार सम्बन्धी घटनाहरूको दर्ता गरी अभिलेख राख्ने ।

३. यस्ता गुनासोहरूको व्यवस्थापन तथा आवश्यक कार्यबाहिको लागि वडा कार्यालय र लैससास समितिलाई जानकारी गराउने ।

४. वडा कार्यालय र लैससास समितिसँग सहकार्य गरि हिंसा पीडितलाई आवश्यक सहयोग गर्ने ।

५. सम्बोधन गरिएका गुनासोहरूको अभिलेख राख्ने र सम्बन्धित गुनासोकर्तालाई गुनासो प्राप्त भैसकेपछि र सम्बोधन भए पश्चात जानकारी गराउने ।

६. गुनासोहरूको उपयुक्त (सम्मान, सम्वेदनशीलता र पारदर्शी, समय आदि) तरिकाले व्यवस्थापन भैरहेको सुनिश्चत गर्ने ।

७. आवश्यक परे कानुनी सहयोगका लागि सहजीकरण गर्ने ।

**ग) गुनासो तथा सुझावहरू प्राप्त गर्ने तरिका:**

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरूले वडा कार्यालयको कार्य क्षेत्र भित्र पर्ने विषयमा आफ्ना गुनासा तथा सुझावहरू निम्न उल्लेखित तरिकावाट राख्न सक्नेछन:

१. आफ्ना गुनासो वडा कार्यालयकावाट उपलब्ध गराईएको गुनासो फारम भरि यस वडा भित्र राखिएको सुझाव पेटिकामा खसाल्न सक्दछन् वा वडा कार्यालयमा स्वंय उपस्थित भई वा सम्बन्धित कर्मचारीहरू मार्फत राख्न सक्दछन् ।

२. वडा कार्यालयमा सोझै वा हुलाक मार्फत गुनासो पत्र पठाउन सक्दछन् ।

३. वडा कार्यालयको बेब साईट वा ईमेल मार्फत पठाउन सक्दछन् ।

४. वडा कार्यालयका कर्मचारीको हकमा आफ्ना गुनासाहरू माथि उल्लेखित कुनै पनि माध्यमवाट सोझै वडा कार्यालयमा दिन सक्दछन् ।

५. प्राप्त गुनासो तथा सुझावहरूलाई वडा कार्यालयले तोकिएका फोकल व्यक्तिहरूले प्रकृया बमोजिम दर्ता गरी सम्बन्धित वडास्तरीय समिति हुदै लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरीबेक्षण तथा अनुगमन समितिको बैठकमा आवश्यक छलफल र समीक्षाका लागि पेश गर्नेछन् । उक्त समितिले दर्ता भएका गुनासो उपर गर्नु पर्ने र्कावाहीका निर्णय गरी वडा समिति मार्फत सम्बन्धित गुनासोकर्तालाई जवाफ संदेश पठाउने वा उस्तै प्रकृतिका गुनासोहरूको हकमा सार्वजनिक सूचना प्रकाशित गरी गुनासो संबोधन गर्नेछन्

## ५.४ स्रोत परिचालन योजना

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको रणनीतिक उद्देश्य पूरा गर्न गरिने क्रियाकलापहरु कार्यान्वयन गर्न आर्थिक तथा मानवीय स्रोतको आवश्यकता पर्दछ । गाउँपालिकाले विगतका वर्षदेखि नै लैससास क्षेत्रमा बजेट विनियोजन गरी यस सम्बन्धी कार्यहरु अघि बढाएको भएता पनि विनियोजित रकमको हिस्सा ज्यादै कम भएकाले त्यसको प्रतिफल नगन्य मात्र देखिएको सन्दर्भमा यो लैससास रणनीति कार्यान्वयनका लागि निश्चित आर्थिक स्रोतको आवश्यकता पर्दछ । जसका लागि यो रणनीति तर्जुमा गर्दा आयोजना गरिएको कार्यशाला गोष्ठी तथा समूहगत छलफलमा गाउँपालिकाका पदाधिकारीज्यू तथा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट प्रतिवद्धता व्यक्त

भएको लक्षित वर्गको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी छुट्टै कार्यविधि तर्जुमागरी निश्चित प्रतिशत रकम यस वर्गका लागि विनियोजन गर्ने कानूनी व्यवस्था गर्ने भन्ने भनाईबाट गाउँपालिकाले भविष्यमा सो सम्बन्धी कानून बनाई यो रणनीति कार्यान्वयनका लागि ठोस आर्थिक स्रोतको व्यवस्था गर्नु पर्नेछ । विद्यमान कानूनले पनि गाउँपालिकाले समानिकरण अनुदान, आन्तिरिक आय र राजस्व बाँडफाँडबाट प्राप्त हुने रकममध्येबाट यो रणनीति कार्यान्वयनका लागि आवश्यक रकम विनियोजन गर्न सकिनेछ । जसका लागि गाउँपालिकाले आफ्नो वार्षिक योजना तथा बजेट तर्जुमा गर्दाकै अवस्थामा यस सम्बन्धी आवश्यक बजेटको व्यवस्था गर्नेछ । यस देखि बाहेक अन्य विकास साझेदारहरुसँगको सहकार्यमा पनि यो रणनीति कार्यान्वयनका लागि स्रोतको व्यवस्था गरिनेछ ।

यसैगरी रणनीतिमा उल्लेख भएका विभिन्न गतिविधिहरु सञ्चालन गर्न गाउँपालिकाका जनप्रतिनिधि तथा मौजुदा जनशक्तिबाटै मानवीय स्रोतको व्यवस्था हुनेछ । यसमा थप स्रोतको आवश्यकता परेमा छोटो समयका लागि परामर्श सेवा मार्फत पनि सेवा लिन सकिनेछ ।

## ५.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति अनुगमन तथा मूल्याँकन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिले निर्दिष्ट गरेका उद्देश्य तथा क्रियाकलापहरुप्रति संवेदनशिल भई गाउँपालिकाको नियमित शासन पद्धती तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैङ्गिक तथा समावेशीमैत्री बनाउन गाउँपालिकाका नेतृत्व पंक्ति जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण स्थानीयकरण रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अवधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्रहरु लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । जसका लागि लैससास संस्थागत संरचना स्थापना गरी कार्यान्वयन तथा अनुगमन गरिनेछ ।

## ५.६ सम्भावित जोखिम तथा न्यूनिकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अन्तर सम्बन्धित मुद्दाको विषय भनेर विगतका वर्षहरु देखि नै मान्दै आइएको छ । नेपालको संविधान तथा अन्य कानूनले यस विषयलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । तर, स्थानीय सरकारले लैससासको क्षेत्रमा न्यूनतम के के गर्नै पर्ने र यसको माथिल्लो निकायबाट मूल्याँकन गर्ने कानूनी व्यवस्था नभएकाले यो रणनीतिक कार्य योजनाका केही चुनौतिहरु पनि देखिएका छन् जसलाई निम्न बमोजिम उल्लेख गरिएको छ :

| देखिन सक्ने जोखिम | जोखिम न्यूनिकरणका उपाय |
| --- | --- |
| ठोस कानूनी व्यवस्था नभएकाले गाउँपालिकाले विगतका वर्षहरुदेखि नै लक्षित वर्गका लागि | लक्षित वर्गका लागि निश्चित प्रतिशत बजेट |

| देखिन सक्ने जोखिम | जोखिम न्यूनिकरणका उपाय |
|---|---|
| संचालन गर्दै आएको कार्यक्रम र बजेटको निरन्तरताको सुनिश्चिता । | अनिवार्य गर्नु पर्ने कानूनी व्यवस्था । |
| गाउँपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा लक्षित वर्गका प्रतिनिधिहरुको सहभागिताको रिन्तरता । | कानून तोके बमोजिमको प्रतिनिधित्वको सुनिश्चिता हुने गरी नीतिगत निर्णय । |
| नयाँ जनप्रतिनिधिहरुको लैससास सम्बन्धी बुझाई र अपनत्व लिने नलिने कुराले आगामी रणनीति तय गर्ने । | नवनिर्वाचित जनप्रतिनिधिहरुलाई यसको मर्म र भावना एवं कानूनी व्यवस्थाबारे अभिमुखीकरण कार्यक्रम । |
| गैसस तथा अन्य विकास साझेदारहरुले गाउँपालिकासँग समन्वय गरी कार्य गर्दा दोहोरोपना आउन सक्ने वा उनीहरुको अनुकुल ठाउँमा कार्यक्रम सञ्चालन हुन सक्ने | गाउँपालिका क्षेत्रमा कार्य गर्ने सबै विकास साझेदारहरुले गाउँपालिकासँग अनिवार्य समन्वय गर्नु पर्ने कानून कडाइका साथ लागू गर्नु पर्ने । |

# अनुसूची १ : लैससास रणनीति तर्जुमा कार्यशाला तथा छलफलहरुको उपस्थिति विवरण

| क्र. स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा. क्षे. ठ. | जनजाति पहाड/ तराई | दलित पहाड/ तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| १ | गिरजेश कुमार पाण्डेय | अध्यक्ष, गाउँपालिका | ९८५७०५२६९९ | | | √ | | | | | √ | | | |
| २ | कन्यावती उपाध्याय | उपाध्यक्ष, गाउँपालिका | ९८४७०६२०८५ | | √ | | | | | | √ | | | |
| ३ | सरीता त्रिपाठी | वडा अध्यक्ष, वार्ड न.३ | ९८०८३२७२७४ | | √ | | | | | | √ | | | |
| ४ | भिम प्रकाश धरिकर | कार्यपालिका सदस्य | ९८१९४२१२२१ | | | √ | | | | | √ | | | |
| ५ | ईलावती कोरी | महिला सदस्य | ९८०७५११९६० | | √ | | | | | | √ | | | |
| ६ | कमलावती रमदास | महिला सदस्य | ९८११५२०८७६ | | √ | | | | | | √ | | | |
| ७ | आरती लोध | वडा सदस्य | ९८२४४२०२७१ | | √ | | | | | | √ | | | |
| ८ | शौकी लाल | कार्यपालिका सदस्य | ९८००७८७२०८ | | | √ | | | | | √ | | | |
| ९ | श्याम नारायण उपाध्याय | वडा अध्यक्ष, वडा ६ | ९८४७०६१८५२ | | | √ | | | | | √ | | | |

| क्र. स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा. क्षे. ठ. | जनजाति पहाड/ तराई | दलित पहाड/ तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| १० | शिवपुजन पासी | वडा अध्यक्ष, वडा १ | ९८०७४७०१५० | | | √ | | | | | √ | | | |
| ११ | तेज बहादुर सिंह | प्र.प्र. अ. | ९८५७०५१८४३ | | | √ | | √ | | | | | | |
| १२ | रेशम राज शर्मा | अ। सातौ | ९८५७०५४६९९ | | | √ | | √ | | | | | | |
| १३ | हरी प्रसाद गिरी | आ। ले. प. अ. | ९८४७०६१९९२ | | | √ | | √ | | | | | | |
| १४ | ध्रुब संजवाल | शिक्षा अधिकृत | ९८६३०३५०६२ | | | √ | | | | | √ | | | |
| १५ | राहुल पाठक | बालमैत्री संयोजक | ९८१४४३०६५८ | | | √ | | | | | √ | | | |
| १६ | आशिक पाठक | नापी एकाई | ९८६९४४९२०९ | | | √ | | | | | √ | | | |
| १७ | रमेश बेलबासे | रोजगार शाखा | ९८४७०३१३४१ | | | √ | | √ | | | | | | |
| १८ | बलराम केरदार | जिन्सी एकाई | ९८५७०५००६८ | | | √ | | | | | √ | | | |
| १९ | पन्च गुलाम नाउ | पंजीकरण शाखा प्रमुख | ९८५७०६०७८६ | | | √ | | | | | √ | | | |
| २० | अनिल कुमार ओझा | सूचना प्रबिधि अधिकृत | ९८५७०५४८४३ | | | √ | | | | | √ | | | |

| क्र. स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा. क्षे. ठ. | जनजाति पहाड/ तराई | दलित पहाड/ तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| २१ | बिरेन्द्र कुमार मिश्र | स्वास्थ्य शाखा प्रमुख | ९८५६०३९३६० | | | √ | | | | | √ | | | |
| २२ | राम नारायण मिश्र | न. प्रा. स. | ९८०७५९०७३३ | | | √ | | | | | √ | | | |
| २३ | निरन्जन कुमार तिवारी | कृषि बिकास अधिकृत | ९८५७०५२१३२ | | | √ | | | | | √ | | | |
| २४ | सुमित्रा मुराउ | जिल्ला स्तरीय किशोरी अधिकार मंच को उपाध्यक्ष | ९८००७२३६५३ | | | √ | | | | | √ | | | |
| २५ | सुर्यमति गडरिया | गा.पा. स्तरीय किशोरी अधिकार मंचको अध्यक्ष | | | | √ | | | | | √ | | | |
| २६ | तुलसीराम यादव | संवाद समुह संयोजक | ९८४७०५२७७९ | | | √ | | | | | √ | | | |
| २७ | जित नारायण यादव | अपांग समुह | ९८४७२०३८५१ | | | √ | | | | | √ | | | |
| २८ | शारदा कुर्मी | गरिवी निवारण महिला समुह | | | √ | | | | | | √ | | | |
| २९ | सित देवी तेली | महिला समुह | | | √ | | | | | | √ | | | |

| क्र.स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा. क्षे. ठ. | जनजाति पहाड/ तराई | दलित पहाड/ तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| ३० | नेपाल लोद | नागरिक समाज | | | | √ | | | | | √ | | | |
| ३१ | हमी दुल्लाहा मुसलमान | समाबेसी अ.बि.के. | ९८१२९७३१५५ | | | √ | | | | | | √ | | |
| ३२ | रोजन मुसलमान | | | | | √ | | | | | | √ | | |
| ३३ | प्रेमलता भट्ट | समाजसेवी | ९८१९४४९४६१ | | √ | | | √ | | | | | | |
| ३४ | दिपेन्द्र कुमार पाठक | वार्ड सचिव, वार्ड ५ | ९८४७२७५७०० | | | √ | | | | | √ | | | |
| ३५ | बिन्द्बसिनी हरिजन | दलित सामाजिक विकास केन्द्र | ९८१७५७१०७२ | | √ | | | | | √ | | | | |
| ३६ | कृष्ण नाथ पाण्डेय | सा.वि.अ. | ९८४७०४०३५७ | | | √ | | √ | | | | | | |
| ३७ | पंकज अधिकारी | सहजकर्ता, शताब्दी | | | | √ | | √ | | | | | | |
| | | **जम्मा** | | | **९** | **२८** | | **७** | | **१** | **२९** | | | |

## अनुसूची २ : लैससास रणनीति तर्जुमा कार्यदलको विवरण

१.कन्यावती उपाध्याय, गा.पा. उपाध्यक्ष -संयोजक

२. तेज बहादुर सिंह, प्र.प्र.अ.-सदस्य

३. रेशम राज शर्मा, अ. सातौ - सदस्य

४. बिरेन्द्र कुमार मिश्र, स्वास्थ्य शाखा प्रमुख - सदस्य

५. कृष्ण नाथ पाण्डेय , सा.वि.अ.- सदस्य सचिब

## अनुसूची ३ : लैससास सम्बन्धी विभिन्न सेवा प्रदायकहरुको विवरण

| संस्थाको नाम | कार्य क्षेत्र | उद्देश्य | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| अपाङ्ग समुदाय | सबै वडा | अपाङ्गता भएका व्यक्तिहरुको हक हीतका लागि बहस पैरवी, सीपमूलक तालिम, क्षमता विकास तालिम संचालन, सामग्री वितरण | जितनारायण यादव | |
| गरिवी निवारण महिला समूह | सबै वडा | विपन्न महिलाहरुको हक हीतका लागि बहस पैरवी, बचत संकलन, ऋण प्रवाह, क्षमता विकास | शारथा कुर्मी | |
| किशोरी अधिकार मञ्च | सबै वडा | बाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा विरुद्ध अभियान, बचत तथा ऋण परिचालन, सामूहिक खेती | सुमिता मुराउ | |
| यशोधरा घरेलु तथा साना उद्योग संघ | सबै वडा | विपन्न वर्गको व्यवसायिक योजना तर्जुमा, सहुलियतपूर्ण कर्जाका लागि सहजीकरण | | |

## अनुसुची ४ : अध्ययन तथा बिश्लेषण गरिएका दस्तावेजहरुको सुची

- वार्षिक गाउँ विकास योजना आ.व. ०७६।७७
- नेपालको संबिधान २०७२
- लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन
- लैससास सम्बन्धी अन्तराष्ट्रिय महासन्धी तथा प्राबधानहरु
- घरधूरी सर्वेक्षण प्रतिवेदन २०७६
- बालकोष सञ्चालन कार्यविधि २०७८
- अपाङ्गता भएको व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५
- जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७६
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८